# आधारभूत तह कक्षा (१ देखि ३) मा अध्ययनरत सुनाइसम्बन्धी अपाङ्गता भएका विद्यार्थीकेन्द्रित शिक्षकहरूको

## ५ दिने क्षमता विकास तालिम

## सहजीकरण मार्गदर्शन

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

**प्रकाशक :**

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

**सर्वाधिकार :** प्रकाशकमा

**संस्करण :** वि.सं. २०७८

**प्राविधिक सहयोग :** USAID अमेरिकी जनताबाट, handicap international, WORLD EDUCATION, NDFN 1995

**लेआउट डिजाइन :**

**मुद्रण :**

**सल्लाह तथा सुझाव**
चूडामणि पौडेल
डिल्लीराम लुइँटेल

---

यो स्रोत सामग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताको सहयोगका कारण सम्भव भएको हो। यस स्रोत सामग्री भित्रका विषयवस्तु र सामग्री ह्याण्डीक्याप ईन्टरनेशनल र विश्व शिक्षाका साझा जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन।

# भूमिका

विद्यालय शिक्षा क्षेत्रमा विद्यमान शिक्षा नीति तथा कार्यक्रमहरू शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने, शिक्षालाई रोजगारी उन्मुख बनाउने, गुणस्तरमा सुधार एवं व्यवस्थापकीय क्षमतामा अभिवृद्धि गरी आर्थिक, सामाजिक विकासका लक्ष्यहरू हासिल गर्नेतर्फ लक्षित छन् । नेपालको संविधानले शिक्षालाई मौलिक अधिकारको रूपमा स्थापित गरेको छ । नेपालले सबैका लागि गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता गर्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा प्रतिबद्धता जनाएको छ। सन् २०२२ सम्ममा नेपाललाई मध्यम आयस्तरको मुलुकमा स्तरोन्नति गर्ने तथा सन् २०३० सम्म दिगो विकासका लक्ष्य हासिल गर्न सघाउ पुग्ने गरी शैक्षिक कार्यक्रम तथा नीतिहरू तय भएका छन् । यही पृष्ठभूमिमा विद्यालय शिक्षाको समग्र शैक्षिक विकासका लागि सरकारले २०१६/१७-२०२२/२३ का लागि ७ वर्षे विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनमा ल्याएको छ। विद्यालय शिक्षाको विकासका लागि समता, गुणस्तर, सक्षमता र सान्दर्भिकता विकासको सुनिश्चितताको लागि कार्यक्रम कार्यन्वयन पुस्तिका २०७७/७८ को निर्माण भई सञ्चालनमा आएको छ ।

यसै क्रममा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले युएसएआइडीको सहयोग, ह्यान्डिक्याप इन्टरनेसनल, विश्व शिक्षा र स्थानीय साझेदार संस्थाहरूको (DPOs) सहकार्य तथा समन्वयमा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागु भएका जिल्लामध्ये १० ओटा जिल्लामा सबैका लागि पढाइ परियोजना लागु गरेको छ। सबैका लागि पढाइ कार्यक्रमले प्रारम्भिक कक्षामा अध्ययनरत अपाङ्गता भएका बालबालिकाको पठन सिपको विकास गर्ने लक्ष्य राखेको छ ।

अपाङ्गता तथा कार्यगत सीमितता भएका बालबालिकाहरूको फरक फरक समस्या र आवश्यकता हुन्छन्। तसर्थ अपाङ्गता तथा कार्यगत सीमितता भएका बालबालिकाहरूको शैक्षणिक समस्या सम्बोधन गर्नका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सबैका लागि पढाइ परियोजनासँगको सहकार्यमा सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूको लागि शैक्षणिक आवश्यकता सम्बोधन गर्दै पठन सिपको विकासका लागि शिक्षण विधि, प्रक्रिया, क्रियाकलाप तथा शिक्षण सिकाइ सामग्रीहरूको प्रयोगमा समेत मद्दत गर्नका लागि यस तालिम सहजीकरण मार्गदर्शनको विकास गरेको हो। यस तालिम सहजीकरण मार्गदर्शनले सुनाइ सम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूका स्रोत कक्षा तथा विशेष विद्यालयका शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न मद्दत गर्ने अपेक्षा गरिएको छ। साथै यस तालिम सहजीकरण मार्गदर्शनले सुनाइ सम्बन्धी अपाङ्गताकेन्द्रित समावेशी शिक्षा सम्बन्धी तालिम, अभिमुखीकरण सञ्चालन तथा नियमित प्राविधिक सहयोग गर्नमा समेत सहयोग पुर्याउने अपेक्षा गरिएको छ। यस सामग्रीमा रहेका विषयहरूलाई सहजीकरण गर्दा अभ्यास, नमुना प्रदर्शन, अन्तरक्रिया, अनुभव आदानप्रदान, छलफल जस्ता पक्षमा जोड दिनुपर्ने हुन्छ।

यस तालिम सहजीकरण मार्गदर्शन तयार गर्नमा आवश्यक सल्लाह, सुझाव तथा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरू तथा परियोजना प्राविधिक समिति, सहयोगी संस्था राष्ट्रिय बहिरा महासङ्घ, नेपाल, विश्व शिक्षा तथा ह्यान्डिक्याप इन्टरनेसनल र सबैका लागि पढाइ परियोजनाप्रति आभार व्यक्त गर्दै रचनात्मक सुझाव र सल्लाहका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

**सानोठिमी, भक्तपुर**

# विषयसूची


तालिमका उद्देश्यहरू १

तालिम सुरुआत गर्नुपूर्व ध्यान दिनुपर्ने कुराहरू १

विषयवस्तु र सत्र सङ्ख्या २

१. अपाङ्गताको परिचय, प्रकार र वर्गीकरण लेखाजोखा केन्द्रको अवधारणा ४

२. समावेशी शिक्षा ६

३. सिकाइमा हुने कठिनाइ र सिकाइ शैली ९

४. एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइको अवधारणा १२

५. पठन सिप सुधारमा सन्दर्भ तथा शैक्षणिक सामग्रीको प्रयोग १५

६. पढाइको परिचय, महत्त्व र भाषिक तत्त्वगत क्रियाकलाप १७

७. एकीकृत पाठ्यक्रममा आधारित शिक्षण अभ्यास र पृष्ठपोषण आदानप्रदान २१

८. कक्षाकोठा व्यवस्थापन २३

९. विद्यार्थी मूल्याङ्कन २५

१०. वैयक्तिक शैक्षणिक योजना २८

## तालिमका उद्देश्यहरू

१. अपाङ्गताको परिभाषा, सुनाइ अपाङ्गताका प्रकार र वर्गीकरण, श्रवण शक्ति गुम्नाका कारण, कक्षाकोठामा श्रवण शक्ति गुमाएका बालबालिकाको पहिचान विधि, ध्वनि मापन र लेखाजोखा केन्द्रको अवधारणा तथा औचित्यको बारेमा बताउन
२. समावेशी शिक्षाको अवधारणा, परिचय, महत्त्वको साथै हाल विद्यमान समावेशी शिक्षामा नेपालको शैक्षिक अवस्था, समावेशी शिक्षा सम्बन्धी व्यवस्था, समावेशी शिक्षा सम्बन्धी ऐन, नीति, प्रावधान र बहिरा बालबालिकाका लागि शिक्षण व्यवस्थाबारे बताउन
३. सिकाइमा हुने कठिनाइ  र सिकाइ शैलीको बारेमा बताउन
४. एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइको अवधारणा बताई शिक्षण सिकाइमा प्रयोग गर्न
५. बहिरामैत्री पठन सिप सुधारका शैक्षणिक सामग्रीहरू प्रयोग गर्न
६. बालबालिकाको पठन सिप सुधार रणनीति, विधि, क्रियाकलापहरूबारे शिक्षण सिकाइमा प्रयोग गर्न
७. साङ्केतिक भाषाको प्रयोग गर्दै एकीकृत पाठ्यक्रममा आधारित भई सूक्ष्म शिक्षण प्रदर्शन गर्न
८. बहिरा बालबालिकाको कक्षाकोठा व्यवस्थापनको अवधारणा, उद्देश्य, महत्त्व र तरिकाहरू भन्न
९. बहिरामैत्री कक्षाकोठा व्यवस्थापनको अवधारणा र तिनको व्यवस्थापनका पक्षहरूबारे व्याख्या गर्न
१०. बहिरा बालबालिकाको सिकाइ मापनमा प्रयोग हुने अवधारणाहरू जस्तैः उपयुक्त समायोजन तथा वैकल्पिक मूल्याङ्कन, पाठ्यक्रममा आधारित मूल्याङ्कन विधिको चर्चा गर्न
११. वैयक्तिक शैक्षणिक योजनाको अवधारणा, महत्त्व र यसका स्वरूपहरूबारे बताउन
१२. वैयक्तिक शैक्षणिक योजना निर्माण गरी देखाउन

## तालिम सुरुआत गर्नुपूर्व ध्यान दिनुपर्ने कुराहरू

- आवश्यक सामग्रीहरू तयारी अवस्थामा रहेको कुरा सुनिश्चित गर्नुहोस् ।
- आमन्त्रण गरिएअनुरूपका सहभागी वा सरोकारवालाहरूको उपस्थिति सुनिश्चित गर्नुहोस् ।
- सहभागीहरूको नाम दर्ता तथा रोचक परिचयात्मक क्रियाकलाप गरी तालिमको लागि वातावरण सहज बनाउनुहोस् । (परिचयको क्रियाकलाप समावेशी शिक्षा वा बहिरा व्यक्तिको बारेमा जानकारी लिने वा दिने प्रकारका खेल विधिबाट गर्न गराउन सकिने)
- आयोजकका तर्फबाट सहभागीहरूलाई स्वागत तथा तालिम वा अभिमुखीकरणका मुख्य उद्देश्यको बारेमा जानकारी गराउनुहोस् ।
- सहभागितात्मक रूपमा आवश्यक्ता अनुरूप तालिम नियम निर्माण तथा विविध कार्य समूह (जस्तो प्रतिवेदन, मनोरञ्जन, व्यवस्थापन समूह आदि) बनाई जिम्मेवारी बाँडफाँड गर्नुहोस् ।
- सहभागीहरूको सिकाइ अपेक्षा वा विचार सङकलन गरी यस तालिममा छलफल गरिने र गर्न सकिने विषयबस्तु बारे जानकारी दिनुहोस् ।
- तालिमको सुरुमा प्रिटेस्ट र अन्तमा पोस्टटेस्ट गर्नुहोस् ।
- अन्य आवश्यक विषय वा थप गर्नुपर्ने क्षेत्र देखिएमा सोही अनुरूप तालिकामा समावेश गर्नुहोस् ।
- तालिम वा अभिमुखीकरणको संक्षिप्त समिक्षासहित अन्तमा आयोजकका तर्फबाट समापनको क्रियाकलाप गराउनुहोस् ।

# विषयवस्तु र सत्र सङ्ख्या

| दिन | तालिम विषयवस्तु | सत्र | समय | कैफियत |
|---|---|---|---|---|
| १ | **अपाङ्गताको परिचय, प्रकार र वर्गीकरण**<br>• अपाङ्गताको परिचय, अपाङ्गताको प्रकार र वर्गीकरण<br>• सुनाइ अपाङ्गताको पहिचान, सुनाइ क्षमता पहिचान र ध्वनिको मापन<br>• सुनाइ अपाङ्गता भएका बालबालिकाका लागि सहायक सामग्रीको परिचय र उपयोग<br>• लेखाजोखा केन्द्रको अवधारणा | १ सत्र | ९० मिनेट | |
| २ | **समावेशी शिक्षा (Inclusive Education)**<br>• समावेशी शिक्षाको अवधारणा, आवश्यकता, विशेषता तथा बाधाहरू<br>• कानुनी प्रावधान तथा समावेशी शिक्षाको व्यवस्था र अभ्यास<br>• बहिरा शिक्षा र शिक्षणको व्यवस्था<br>• सुनाइ अपाङ्गता भएका बालबालिकाको शिक्षामा समावेशीकरण | १ सत्र | ९० मिनेट | |
| ३ | **सिकाइमा हुने कठिनाइ र सिकाइ शैली**<br>• सिकाइसम्बन्धी कठिनाइ<br>• सहजीकरणका उपायहरू | १ सत्र | ९० मिनेट | |
| ४ | **एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइको अवधारणा**<br>• एकीकृत पाठ्यक्रमको अवधारणा<br>• आधारभूत तह कक्षा १×३ को पाठ्यक्रम<br>• पाठ्यसामग्रीको परिचय र विशेषता<br>• एकीकृत विषयक्षेत्र | १ सत्र | ९० मिनेट | |
| ५ | **पठन सिप सुधारका लागि शैक्षणिक तथा सन्दर्भ सामग्रीको प्रयोग**<br>• शैक्षणिक सामग्री र तिनको प्रयोग<br>• सन्दर्भ सामग्री र तिनको प्रयोग | २ सत्र | १८० मिनेट | |
| ६ | **पढाइको परिचय, महत्त्व र भाषिक तत्त्वगत क्रियाकलाप**<br>• पढाइको परिचय, महत्त्व<br>• भाषिक तत्त्वगत क्षेत्र तथा क्रियाकलापको परिचय र महत्त्व<br>• भाषिक तत्त्वगत शैक्षणिक क्रियाकलाप | २ सत्र | १८० मिनेट | |
| ७ | **एकीकृत पाठ्यक्रममा आधारित शिक्षण अभ्यास र पृष्ठपोषण आदानप्रदान**<br>• नमुना पाठयोजना प्रस्तुति<br>• सूक्ष्म शिक्षण अभ्यास<br>• पृष्ठपोषण आदानप्रदान | ३ सत्र | २७० मिनेट | |
| ८ | **कक्षाकोठा व्यवस्थापन**<br>• कक्षाकोठा व्यवस्थापनको अवधारणा, उद्देश्य र महत्त्व<br>• बहिरामैत्री कक्षाकोठा व्यवस्थापन | १ सत्र | ९० मिनेट | |
| ९ | **विद्यार्थी मूल्याङ्कन**<br>• एकीकृत पाठ्यक्रममा विद्यार्थी मूल्याङ्कन प्रक्रिया<br>• विद्यार्थी मूल्याङ्कन प्रक्रियाको अभिलेखीकरण प्रक्रिया<br>• पठन सिप अभिलेख फारामको प्रयोग | १ सत्र | ९० मिनेट | |

| | | | | |
|---|---|---|---|---|
| १० | **वैयक्तिक शैक्षणिक योजना र अभिभावकको संलग्नता**<br>• वैयक्तिक शैक्षणिक योजनाको परिचय, महत्त्व<br>• अवयव<br>• निर्माण प्रक्रिया र अभ्यास<br>• अभिभावको संलग्नता | २ सत्र | १८० मिनेट | |
| | **जम्मा सत्र १५ र जम्मा समय २२ घण्टा ३० मिनेट (हरेक सत्र ९० मिनेटको हुने छ ।)** | | | |

# १. अपाङ्गताको  परिचय, प्रकार र वर्गीकरण लेखाजोखा केन्द्रको अवधारणा

**दिन : पहिलो** **सत्र : पहिलो** **समयः ९० मिनेट**

## परिचय

कक्षाका सबै विद्यार्थी एकै अवस्थाका हुँदैनन् तर सबैलाई शिक्षा अनिवार्य रूपमा दिनुपर्दछ । अपाङ्गताका प्रकारअन्तर्गत सुनाइ अपाङ्गता पनि एक हो। शिक्षकले सबै प्रकारका अपाङ्गताका बारेमा जानकारी राखी तदनुरूपको शैक्षिक वातावरणको सिर्जना गर्नुपर्दछ । यस पाठमा अपाङ्गता र सुनाइसम्बन्धी अपाङ्गताको परिचय दिँदै अपाङ्गताका र सुनाइसम्बन्धी अपाङ्गताका प्रकार, कारणका आधारमा श्रवण शक्तिमा कमीका प्रकार र ध्वनिको मापन गर्ने विधिका बारेमा छलफल गरिने छ र यसका साथै सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूको लागि आवश्यक सहायक सामग्री र लेखाजोखा केन्द्रको अवधारणा र मापदण्डको बारेमा पनि छलफल गरिने छ ।

### उद्देश्य

यस सत्रको अन्तमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- अपाङ्गताको अवधारणा, प्रकार वर्गीकरण तथा सेवासुविधाहरूको बारेमा व्याख्या गर्न
- अपाङ्गता सम्बन्धी नीतिनियम, प्रावधान तथा अन्य सेवा वा छात्रवृत्तिका बारेमा तथा मर्यादित शब्दावलीको बारेमा बताउन
- सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूको लागि आवश्यक सहायक सामग्रीहरू र तिनको प्रयोग बारेमा बताउन
- लेखाजोखा केन्द्रको अवधारणा, संरचना, भूमिका र जिम्मेवारीहरूबारे व्याख्या गर्न

### विषयवस्तु

- अपाङ्गता तथा कार्यगत सीमितताको परिभाषा, प्रकार, वर्गीकरण, सेवासुविधा र मर्यादित शब्दावली
- सुनाइसम्बन्धी अपाङ्गता र सुनाइ अपाङ्गतामा प्रयोग हुने सहायक सामग्री
- लेखाजोखाको अवधारणा, संरचना, भूमिका र जिम्मेवारी

### सामग्रीहरू

पाठपत्र, सहजीकरण मार्गदर्शन र पठन स्रोत सामग्री

### सहजीकरण क्रियाकलाप

| क्रि. नं. | क्रियाकलाप विस्तृतीकरण | समय |
|---|---|---|
| १. | **विषय परिचय**<br>• अन्तरक्रियाको माध्यमबाट विषयवस्तु, उद्देश्य र औचित्यबारे जानकारी गराउनुहोस् । | ५ मिनेट |
| २. | **अपाङ्गताको अवधारणा, प्रकार, वर्गीकरण**<br>• सहभागीहरूलाई कक्षाकोठामा वा समुदायमा कस्ता कस्ता किसिमका अपाङ्गता भएका व्यक्ति देखिरहनुभएको छ ? सुनाइ अपाङ्गताका लक्षणहरू के हुन्छन् ? सुस्त श्रवण र बहिरोपनमा के फरक छ ? जस्ता विषयमा सहभागीको सङ्ख्या हेरी चार समूहमा छलफल गराई छलफलका निष्कर्ष टिप्न लगाउनुहोस् ।<br>• त्यसपछि हरेक समूहलाई पाठपत्र वितरण वितरण गर्नुहोस् । तल दिएको समूहगत विषयवस्तुमा छलफल गर्न लगाउने र बुँदाहरू टिप्न लगाउने गर्नुहोस् ।<br>समूह १ - अपाङ्गताको अवधारणा र प्रकार | ६० मिनेट |

| | | |
|---|---|---|
| | समूह २ —गम्भीरताको आधारमा वर्गीकरण, कार्डको प्रकार र सामाजिक सुरक्षा सेवा सहुलियत<br>समूह ३ — सुनाइसम्बन्धी अपाङ्गता, ध्वनि मापन र सुनाइसम्बन्धी अपाङ्गतामा प्रयोग हुने सहायक सामग्रीहरू<br>समूह ४ — लेखाजोखा केन्द्रको संरचना, काम कर्तब्य र जिम्मेवारीहरू<br>• सबै समूहहरूलाई आआफ्नो विषयवस्तुलाई प्रस्तुत गर्न लगाउने र छलफल चलाउनुहोस् ।<br>• प्रस्तुतिपश्चात् सहजकर्ताले अपाङ्गताका प्रकार, वर्गीकरण र सुनाइ अपाङ्गता तथा सहायक सामग्री र लेखाजोखा केन्द्र र मापदण्डहरूको बारेमा पिपिटी स्लाइडहरू वा न्युजप्रिन्टको माध्यमबाट प्रष्ट पारिदिनुहोस् । | |
| ३. | **मर्यादित शब्दावलीहरू**<br>• सहजकर्ताले हाम्रो घर समुदायमा अपाङ्गतामा के कस्ता अमर्यादित वा होच्याउने शब्दहरूको प्रयोग हुने गरेको छ ? भन्ने बारेमा प्रश्न सोध्नुहोस् ।<br>• शब्दहरू बोर्डमा टिप्दै जाने र छलफल गर्ने गर्नुहोस्। त्यसपछि सहजकर्ताले मर्यादित र अमर्यादित शब्दावली सूचीको प्रदर्शन गर्दै प्रष्ट पारिदिनुहोस् । | १५ मिनेट |
| ४. | **प्रतिबिम्बन**<br>• सबै सहभागीहरूलाई दुई समूहमा बाँड्नुहोस् र तल दिएका कथन वा प्रश्नहरू बराबर सङ्ख्यामा बाँडिदिनुहोस् ।<br>• समूह "क" लाई पहिले प्रश्न सोध्ने मौका दिन र समूह "ख" लाई उत्तर दिन भन्नुहोस्। सही उत्तर भएमा अङ्क १ दिनुहोस् । सही उत्तर हो वा होइन सहजकर्ताले बताउनुहोस् । धेरै अङ्क प्राप्त गर्ने समूहलाई विजयी घोषित गर्नुहोस् ।<br>**नमूना कथन (प्रश्न) हरू**<br>१. शारीरिक अङ्ग वा प्रणालीमा भएको समस्या तथा कठिनाइका आधारमा अपाङ्गताको प्रकार कति छन् ?<br>२. शारीरिक अशक्तताको गम्भीरताका आधारमा कति ओटा वर्गीकरण गरिएको छ ?<br>३. अमर्यादित र मर्यादित शब्दावलीमध्ये बहिरा बालबालिकाको लागि प्रयोग हुने २ ओटा उदाहरण भन्नुहोस् ।<br>४. सुनाइ अपाङ्गताका प्रकारहरू के के हुन् ?<br>५. शिक्षकले भनेका कुराहरू नसुनेर बारम्बार साथीहरूसँग सोधिरहने बहिरा वा सुस्त श्रवणमध्ये कुन अवस्था हो ?<br>६. कति डेसिबेलदेखि कति डेसिबेलसम्म सुन्न सक्नेहरूलाई सुस्त श्रवणमा राखिन्छ ?<br>७. लेखाजोखा केन्द्रको संरचना, कार्य र जिम्मेवारीहरू के के छन् ?<br>८. स्रोत कक्षा अनुगमनमा मुख्य मुख्य मापदण्डहरू के के छन् ? कुनै ३ ओटा भन्नुहोस् । | १० मिनेट |

# २. समावेशी शिक्षा

**दिन : पहिलो** **सत्र : दोस्रो** **समयः ९० मिनेट**

## परिचय

समावेशीकरण र समतामूलक समाज निर्माणको निमित्त समावेशी शिक्षा, एकीकृत शिक्षा र विशेष शिक्षा तथा यस सम्बन्धी मौजुदा ऐन, नीति, नियम, सेवा तथा सुविधाहरू सम्बन्धमा जानकारी हुनु जरुरी हुन्छ। अपाङ्गता भएका तथा कार्यगत सीमितता भएका बालबालिकाहरूले सामना गर्नुपरेका समस्याहरूको पहिचान गरी सोको न्यूनीकरण गर्न सकेमा मात्र सामाजिक न्याय, सुरक्षा र संरक्षणमा आधारित गुणस्तरीय शिक्षा सुनिश्चित गराउन सकिन्छ। समावेशी शिक्षा पद्धतिले राष्ट्रिय तथा स्थानीय तहमा कुनै पनि परिस्थितिजन्य कारणले शैक्षिक अवसरबाट वञ्चित रहेका एवं विद्यालयमा रहेर पनि आवश्यकता अनुकूल उपयुक्त वातावरण र सहयोगको अभावमा विद्यालय छाड्ने खतरामा परेका बालबालिकाको पहिचान गर्नुका साथै सम्पूर्ण बालबालिकाको सामाजिक, सांस्कृतिक र शैक्षिक आवश्यकतालाई पूरा गर्न बालकेन्द्रित शिक्षण सिकाइ प्रक्रिया अवलम्बन गर्न प्रोत्साहन गर्दछ। अतः यस सत्रमा समावेशी शिक्षाको अवधारणा, आवश्यकता, विशेषता तथा बाधाहरू, समावेशी शिक्षा सम्बन्धी कानुनी प्रावधानहरू, अभ्यास तथा सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूको शिक्षा र शिक्षण व्यवस्थाहरू केन्द्रित रहेर छलफल गरिने छ ।

### उद्देश्य

यस सत्रको अन्तमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- समावेशी शिक्षाको अवधारणा, आवश्यकता, विशेषता तथा बाधाहरूबारे बताउन
- समावेशी शिक्षा सम्बन्धी कानुनी प्रावधानहरू तथा समावेशी शिक्षाको व्यवस्था र अभ्यासहरूबारे बताउन
- सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूको शिक्षा र शिक्षण व्यवस्थाहरू तथा समावेशीकरणबारे बताउन

### विषयवस्तु

- समावेशी शिक्षाको अवधारणा, आवश्यकता, विशेषता तथा बाधाहरू
- कानुनी प्रावधान तथा समावेशी शिक्षाको व्यवस्था र अभ्यासहरू
- सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूको शिक्षा, शिक्षण व्यवस्थाहरू तथा समावेशीकरण

### सामग्री

- स्रोत सामग्री, पाठपत्र

**सहजीकरण क्रियाकलाप**

| क्रि. नं. | क्रियाकलाप विस्तृतीकरण | समय |
|---|---|---|
| १. | **विषय परिचय**<br>● अन्तरक्रियाको माध्यमबाट विषयवस्तु, उद्देश्य र औचित्यबारे जानकारी गराउनुहोस् । | १० मिनेट |
| २. | **समावेशी शिक्षाको अवधारणा, आवश्यकता, विशेषता तथा बाधाहरू**<br>● सहभागीहरूलाई दुई समूहमा विभाजित हुन लगाउनुहोस् ।<br>● सहभागीहरूलाई जोडीमा बस्न लगाउने तथा समावेशी शिक्षाबारेको बुझाइ छलफल गरेर मेटाकार्डमा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् । साथै सहभागीहरूको बुझाइसँगै सहजकर्ताले तयार गरेको प्रस्तुति वा सामग्री अनुरूप समावेशी शिक्षाको अवधारणाबारे प्रष्ट हुन मद्दत गर्नुहोस् ।<br>● समावेशी शिक्षाको अवधारणामा छलफलपश्चात् सहभागीहरूलाई २ समूहमा विभाजित हुन लगाउनुहोस् । साथै समूलाई सम्बन्धित पाठपत्र उपलब्ध गराई अध्ययन गर्न लगाउने र तल उल्लिखित समूह कार्य गर्न लगाई प्रस्तुति गर्न लगाउनुहोस् ।<br>**समूह कार्य**<br>समूह १ - समावेशी शिक्षाको आवश्यकता तथा विशेषताबारे छलफल तथा प्रस्तुति<br>समूह २ - समावेशी शिक्षाको बाधाहरूबारे छलफल तथा प्रस्तुति<br>● सहभागीहरूको प्रस्तुतीसँगै सहजकर्ताले आवश्यकता अनुरूप समान बुझाइका लागि सहजीकरण<br>गर्नुहोस् । | २० मिनेट |
| ३. | **समावेशी शिक्षा सम्बन्धी कानुनी प्रावधानहरू तथा समावेशी शिक्षाको व्यवस्था र अभ्यासहरू**<br>● समावेशी शिक्षा सम्बन्धी कानुनी प्रावधान उल्लिखित सामग्री वा फ्लेक्स वा अध्ययन सामग्री तालिम कक्षको भित्तामा २।३ स्थानमा टाँस गर्नुहोस् । उक्त सामग्री अध्ययनका लागि समूह बनाइ अवलोकन तथा अध्ययन गर्न लगाउनुहोस् ।<br>● अवलोकनपश्चात् समावेशी शिक्षाको कानुनी प्रावधान, व्यवस्था तथा अभ्यास केन्द्रित ठिकबेठिक खेल प्रतियोगिता गराउनुहोस् ।<br>● साथै ठिक बेठिक प्रश्नोत्तर गर्दै गर्दा सहजकर्ताले अन्तरक्रियात्मक रूपमा छलफल गराउँदै सहजीकरण गर्नुहोस् ।<br>**ठिक बेठिक खेलका लागि नमुना प्रश्नहरू**<br>१. दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा समावेशी शिक्षा हो ।<br>२. अटिजम, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा पनि समावेशी शिक्षा होइन ।<br>३. सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा समावेशी शिक्षाअन्तर्गत पर्दैन ।<br>४. अपाङ्गता प्रति अपहेलना, नकारात्मक भावना, मान्यता तथा अभ्यासहरू समावेशी शिक्षाका वातावरणीय तथा भौतिक बाधाहरू हुन्। | ३० मिनेट |
| ४. | **सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूको शिक्षा, शिक्षण व्यवस्थाहरू तथा समावेशीकरण**<br>● सहभागीहरूलाई सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूका लागि शिक्षाको व्यवस्था के कस्तो रहेको छ ? तपाईंहरूलाई के जानकारी रहेको छ ? भन्नेबारे व्यक्तिगत रूपमा मस्तिस्क मन्थन तथा अनुभवका आधारमा जानकारी प्रस्तुत गर्न लगाउनुहोस् । | २० मिनेट |

| | | |
|---|---|---|
| | • सहभागीहरूको बुझाइअनुरूप सुनाइ सम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूको शिक्षा, शिक्षण व्यवस्थाहरू तथा समावेशीकरणबारे सहजकर्ताले तयार गरेको प्रस्तुति अनुरूप अन्तरक्रियात्मक रूपमा छलफल गराउँदै सहजीकरण गर्नुहोस् । | |
| ५. | **प्रतिबिम्बन**<br>• केही सहभागीहरूलाई यस सत्रमा गरेका क्रियाकलाप तथा सिकाइबारेको समीक्षात्मक अनुभव सुनाउन लगाउँदै सत्रको समीक्षा गर्नुहोस् । | १० मिनेट |

# ३. सिकाइमा हुने कठिनाइ र सिकाइ शैली

**दिन : पहिलो** **सत्र : तेस्रो** **समय: ९० मिनेट**

## परिचय

सुनाइसम्बन्धी समस्यालगायत शारीरिक, मानसिक वा बौद्धिक अपाङ्गताका कारणले बालबालिकाहरूको सिकाइमा कठिनाइ हुने गर्दछ। सिकाइमा हुने धेरै कठिनाइहरू बालबालिकाको न्युरो बायोलोजिकल अथवा गर्भावस्थामा भएका असर वा जन्मेपछिको चोटपटकले गर्दा मस्तिष्कमा असर पर्न गएमा हुन जान्छ । बौद्धिक विकासमा पनि असर पर्नाले सुनाइसम्बन्धी समस्या भएका बालबालिकाहरूको सिकाइमा प्रभाव पर्छ । तसर्थ यस्ता सिकाइमा हुने कठिनाइहरूको लक्षणहरू पत्ता लगाई सिकाइमा सहयोग पुऱ्याउनुपर्ने हुन्छ । यसका लागि विशेष सहजीकरणका उपायहरू पनि अपनाउनुपर्ने हुन्छ । अतः यस सत्रमा यिनै विषयवस्तुको सेरोफेरोमा रही छलफल तथा अन्तर्क्रिया गरिने छ ।

### उद्देश्य

यस सत्रको अन्तमा सहभागीहरू निम्न कार्यहरू गर्न सक्षम हुने छन् :

- सिकाइमा हुने ७ ओटा कठिनाइ एवम् तिनको लक्षणहरूको बारेमा व्याख्या गर्न
- सिकाइमा कठिनाइ भएका बालबालिकाहरूलाई सिकाइमा सहजीकरण गर्ने उपायहरूको नमुना अभ्यास गर्न
- सिकाइ शैलीको सामान्य अवधारणा र महत्त्व बताउन
- सिकाइ शैलीका प्रकारहरूको बारेमा व्याख्या गर्न

### विषयवस्तु

- सिकाइमा हुने ७ ओटा कठिनाइहरू, लक्षण र सहजीकरणका उपायहरू
- सिकाइ शैलीको अवधारणा, महत्त्व वा फाइदाहरू
- सिकाइ शैलीको अवधारणा र प्रकारहरू
- अपाङ्गता तथा कार्यगत सीमितता (सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूले सिक्ने तरिका)

### सामग्री

प्रोजेक्टर, कम्प्युटर, पिपिटी स्लाइड, न्युजप्रिन्ट, ब्राउन चार्ट

### सहजीकरण क्रियाकलाप

| क्रि. नं. | क्रियाकलाप विस्तृतीकरण | समय |
|---|---|---|
| १. | **विषय परिचय**<br>• अन्तरक्रियाको माध्यमबाट विषयवस्तु, उद्देश्य र औचित्यबारे जानकारी गराउनुहोस् । | ५ मिनेट |
| २. | **सिकाइमा हुने ७ ओटा कठिनाइहरू, लक्षण र सहजीकरणका सिप**<br>• सिकाइमा हुने ७ ओटा कठिनाइहरूको बारेमा छलफल गर्दै छौं भन्ने जानकारी गराउनुहोस् र सहभागीहरूलाई ७ समूहमा विभाजन गर्नुहोस् ।<br>• हरेक समूहलाई एक एक ओटा सिकाइमा हुने समस्याका लक्षण एवम् सहजीकरणका उपायहरूको पाठपत्र वितरण गर्नुहोस् ।<br>• पाठपत्रको आधारमा हरेक समूहलाई छलफल गर्न करिब १० मिनेटको समय दिने र छलफल गर्न लगाउने गर्नहोस्। सहजकर्ताले सबै समूहमा गएर छलफलको बारेमा चासो दिने, अनुगमन गर्ने र सहयोग गर्ने गर्नुहोस् । | ३० मिनेट |

| | | |
|---|---|---|
| | • समूह कार्य सकिएपछि, सबै समूहलाई ५-५ मिनटको समय दिएर प्रस्तुति गर्न लगाउनुहोस् ।<br>• हरेक प्रस्तुति लगत्तै आवश्यक परेमा सहजकर्ताले थप स्पष्ट पार्दै जानुहोस् । | |
| ३. | **सिकाइ शैलीको अवधारणा, प्रकार र सिकाइ शैलीबारे जानकारी हुनुका फाइदाहरू**<br>• सिकाइ शैली भनेको के हो र शिक्षण सिकाइ क्रियाकलाप गर्नुअघि सिकाइ शैली थाहा पाउनुका फाइदाहरू के के हुन्छन्? भनी प्रश्न गर्दै छोटो मस्तिष्क मन्थन गराउनुहोस् ।<br>• आएका बुँदाहरूलाई समेट्दै परिचय र महत्त्वको छोटो समीक्षा गर्नुहोस् । त्यसपछि सिकाइका शैलीहरूको बारेमा तल कोष्टकमा दिएका बुँदाहरू प्रोजेक्टर वा फ्लिपचार्टमा देखाउँदै व्याख्या गरिदिनुहोस् । | २० मिनेट |
| ४. | अपाङ्गता भएका बालबालिकाको सिक्ने शैली वा तरिका<br>• सामान्य सिकाइ शैलीहरूको बारेमा छलफल भएपछि सुनाइसम्बन्धी अपाङ्गता भएका विद्यार्थीले कसरी सिक्छन् भन्नेबारे छोटो छलफल चलाउनुहोस् ।<br>• सामान्य बुझाइ भएपछि पहिलेकै ७ ओटा समूहलाई ७ ओटा सिकाइ शैलीहरू बारेको पाठपत्र वितरण गर्ने र अध्ययन गर्न लगाउनुहोस् ।<br>समूह १ — दृश्यात्मक सिकाइ शैली<br>समूह २ — श्रवण सिकाइ शैली<br>समूह ३ — बोलेर सिक्ने सिकाइ शैली<br>समूह ४ - छोएर, चलाएर र गतिशील भएर हुने सिकाइ शैली<br>समूह ५ — तार्किक सिकाइ शैली<br>समूह ६ — सामाजिक वा अन्तरव्यक्ति (social or interpersonal) सिकाइ शैली<br>समूह ७ — एकल वा स्वयं (intra personal or self) सिकाइ शैली<br>• समूह कार्यपछि पालैपालो प्रस्तुति गर्न लगाउने र सहजकर्ताले आवश्यकताअनुसार थप जानकारीसहित प्रष्ट पारिदिनुहोस् ।<br>• त्यसपछि सुनाइमा कठिनाइ भएका बालबालिकाहरूले कसरी सिक्छन् भन्नेबारे सहजकर्ताले पिपिटी वा न्युजप्रिन्ट प्रयोग गर्दै एक एक गरी प्रस्तुत गर्दै प्रष्ट पारिदिनुहोस् । | २५ मिनेट |
| ५. | **प्रतिबिम्बन**<br>सत्रको समग्र सिकाइको बारेमा छोटो समीक्षात्मक छलफल गर्नुहोस् ।<br>ठिक बेठिक खेलको माध्यबाट सिकाइको मूल्याङ्कन गर्नुहोस् ।<br>प्रश्नहरू<br>१. पढ्न लेख्न गाह्रो हुने, अक्षर उच्चारण गर्न र चिन्न गाह्रो हुने सिकाइ समस्या ‘डिस्ग्राफिया” हो ।<br>२. सामान्य वस्तुहरूको संख्या गणना गर्न, अंक र पैसा नचिन्ने र सामान्य हरहिसाब गर्न गाह्रो समस्या “डिस्ग्राफिया” हो।<br>३. सिधा लेख्न, लाइन मिलाउन र लेख्दा अक्षर र शब्दको आकार ठुलोसानो हुने समस्या डिस्ग्राफिया हो।<br>४. सजिलो पेन्सिल वा कलम दिएर लाइन भएका कापी वा ग्राफपेपरमा लेख्न सिकाउँदा डिस्लेक्सिया भएका बालबालिकालाई सजिलो हुन्छ।<br>५. शब्द, चित्रको आंशिक भाग हेरेर केहो भनेर छुट्याउन गाह्रो हुने समस्या डिस्प्र्याक्सिया हो।<br>६. एकै ठाउँमा बसिरहन नसक्ने, तुरुन्तै क्रियाकलाप परिवर्तन गर्ने, ध्यान नदिने जस्तो समस्या सुनाइ प्रक्रियामा विचलन हो।<br>७. उस्तै शब्द, भाषा सुनेर, बुझ्ने र सम्झने प्रक्रियामा कठिनाइ हुनु डिस्लेक्सिया हो। | १० मिनेट |

| | | |
|---|---|---|
| | ८. पढ्दा टाउको फर्काउने, एउटा आँखा बन्द गर्ने र किताब कापी अप्ठ्यारोसँग समाउने सुनाइ प्रक्रियामा विचलन हो ।<br>९. आफू र आफ्नो सामान सम्हाल्न कठिनाइ हुने, बोलाइमा सन्तुलन नहुने "डिस्प्र्याक्सिया" हो ।<br>१०. होहल्ला, आवाज र तेज प्रकाशलाई नियन्त्रण जस्तो उपाय केवल सुनाइ प्रक्रियामा विचलन भएकालाई उपयुक्त हुन्छ।<br>११. सिकाइमा समस्या भएका बालबालिकाहरूलाई सामान्य रूपले हप्काउने र सानोतिनो सजाय दिन सकिन्छ।<br>मूल्याङ्कन सकिएपछि सबैलाई धन्यवाद दिँदै सत्र समापन गर्नुहोस् ।<br><br>प्रश्नहरू<br>• सिकाइ शैली कति किसिमका हुँदा रहेछन् ? कुनै ३ ओटा भन्नुहोस् ?<br>• सिकाइ शैलीअनुसार पढाउँदा के के फाइदा हुँदा रहेछन् ?<br>• सुनाइसम्बन्धी अपाङ्गता भएका विद्यार्थीले कसरी सिक्दा रहेछन् ? | |

# ४. एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइको अवधारणा

**दिनः दोस्रो** **सत्रः पहिलो** **समयः ९० मिनेट**

## परिचय

दुई वा दुईभन्दा बढी विषयहरूका सान्दर्भिक पक्षहरूलाई अर्थपूर्ण रूपमा संयोजन गरी निर्माण गरिएको पाठ्यक्रमलाई एकीकृत पाठ्यक्रम भनिन्छ । एकीकृत पाठ्यक्रमका विभिन्न ढाँचाहरू छन् । जसमध्ये विषयगत, बहुविषयगत, अन्तरविषयगत र विषयविहीन ढाँचा प्रचलित छन् । आधारभूत तह (कक्षा १–३) को पाठ्यक्रम समग्रमा बहुविषयक ढाँचामा र हाम्रो सेरोफेरो अन्तरविषयक ढाँचामा विकास गरिएको छ । पाठ्यक्रमलाई व्यावहारिक, सान्दर्भिक र सहज रूपमा कार्यान्वयन गर्नको लागि पाठ्यसामग्रीहरूको रूपमा पाठ्यक्रम, शिक्षक निर्देशिका र विद्यार्थी कार्यपुस्तक विकास भई कार्यान्वयनमा आएको छ । यस सत्रमा सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाकालाई शिक्षण गर्ने शिक्षकहरूलाई एकीकृत पाठ्यक्रम, पाठ्यासामग्रीको अवधारणा र यसको प्रयोग तथा बहिरा विद्यार्थीलाई पाठ्यक्रमको अनुकूलनका बारेमा छलफल गरिने छ ।

### उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू देहायअनुसारका कार्यहरू गर्न सक्षम हुने छन् :

- एकीकृत पाठ्यक्रमको अवधारणा प्रष्ट पार्न
- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम तथा पाठ्यसामग्रीको विशेषताहरू पहिचान गर्न
- एकीकृत विषयक्षेत्रहरू पहिल्याउन
- बहिरा बालबालिकालाई सिकाइ सहजीकरणका क्रममा एकीकृत पाठ्यक्रम अनुकूलन गर्न

### विषयवस्तु

- एकीकृत पाठ्यक्रमको अवधारणा
- पाठ्यसामग्री (पाठ्यक्रम, शिक्षक निर्देशिका र विद्यार्थी कार्यपुस्तक) को परिचय र विशेषताहरू
- पाठ्यक्रम तथा पाठ्यसामग्रीबिचको अन्तरसम्बन्ध
- एकीकृत विषयक्षेत्रहरू
- पाठ्यक्रम अनुकूलन

### सामग्री

पाठ्यक्रम, विषयगत विद्यार्थी कार्यपुस्तक, विषयगत शिक्षक निर्देशिका

### सहजीकरण क्रियाकलाप

| क्रि.नं. | क्रियाकलाप विस्तृतीकरण | समय |
|---|---|---|
| १. | अन्तरक्रियात्मक छलफलको माध्यमबाट सत्रको परिचय, विषयवस्तु, उद्देश्यबारे जानकारी गराउनुहोस् । | ५ मिनेट |
| २. | **एकीकृत पाठ्यक्रमको अवधारणा**<br>• सहभागीहरूलाई मेटाकार्ड दिई एकीकृत पाठ्यक्रम भनेको के हो ? सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सिकाइ सहजीकरणमा एकीकृत शिक्षणलाई कसरी उपयोग गरिएको छ ? भन्ने बारेमा आफ्नो धारणा लेख्न लगाउनुहोस् । | १० मिनेट |

| | | |
|---|---|---|
| | • सहभागीले लेखेका धारणालाई जोडीमा छलफल गराई साझा धारणा बनाउन लगाउनुहोस् ।<br>• जोडीले बनाएका साझा धारणालाई प्रस्तुत गर्न लगाउनुहोस् ।<br>• सहभागीका विचार समेट्दै एकीकृत पाठ्यक्रमका सन्दर्भमा विषयगत ढाँचा, बहुविषयगत ढाँचा, अन्तरविषयक ढाँचा र विषयविहीन ढाँचाका बारेमा बताइदिनुहोस् ।<br>• स्लाइड प्रस्तुतीकरण तथा चित्रको माध्यमबाट माथि उल्लिखित चारओटै ढाँचाको परिचय दिई समग्र एकीकृत पाठ्यक्रम बहुविषयक ढाँचामा र हाम्रो सेरोफेरो विषय अन्तरविषयक ढाँचामा विकास गरिएको कुरा उदाहरणसहित प्रष्ट पार्नुहोस् । | |
| ३. | **आधारभूत तह (कक्षा १–३) को एकीकृत पाठ्यक्रमका विशेषता**<br><br>• सहभागीहरूलाई चार ओटा समूहमा विभाजन गर्नुहोस् । पाठ्यक्रम समूहगत रूपमा वितरण गर्नुहोस् र तपसिलका पक्षहरूमा समूहगत रूपमा अध्ययन गर्न लगाई समूहको निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।<br><br>समूह (क) एकीकृत पाठ्यक्रमको आवश्यकता, औचित्य र महत्त्व<br>समूह (ख) एकीकृत पाठ्यक्रम : ढाँचा र संरचना<br>समूह (ग) एकीकृत पाठ्यक्रम : सिकाइ सहजीकरण प्रक्रिया<br>समूह (घ) एकीकृत पाठ्यक्रममा मूल्याङ्कन प्रक्रिया<br><br>• प्रत्येक समूहले प्रस्तुत गरिसकेपश्चात् अन्य समूहलाई आवश्यक पृष्ठपोषण दिन लगाउनुहोस् । सहजकर्ताले स्लाइडद्धारा माथि उल्लिखित एकीकृत पाठ्यक्रम ढाँचा र संरचना (बहुविषयक र अन्तरविषयक, विषयहरू, पाठ्यघण्टा र कार्यघण्टा आदि) सहजीकरण, मूल्याङ्कन प्रक्रियाका बारेमा बताइदिनुहोस् । | २५ मिनेट |
| ४. | **पाठ्यसामग्री (शिक्षक निर्देशिका र विद्यार्थी कार्यपुस्तक) को परिचय र विशेषताहरू**<br><br>• सहभागीहरूलाई अघिकै चार समूहमा विभाजित भई बस्न भन्नुहोस् । समूहलाई नेपाली, गणित, सेरोफेरो र अङ्ग्रेजी विषयमा विभाजन गरी ती विषयका शिक्षक निर्देशिका र विद्यार्थी कार्यपुस्तक दिई मुख्य मुख्य विशेषताहरूको सूची चार्टपेपरमा तयार गर्न लगाउनुहोस् ।<br>समूह (क) नेपाली समूह<br>समूह (ख) अङ्ग्रेजी समूह<br>समूह (ग) सेरोफेरो समूह<br>समूह (घ) गणित समूह<br>• समूहगत कार्यलाई प्रस्तुत गर्न लगाउनुहोस् ।<br>• सहभागीले प्रस्तुत गरेका विषयवस्तुका आधारमा एकीकृत विषयक्षेत्रहरूका रूपमा बहुविषयक र अन्तरविषयका ढाँचामा राखिएका विषयवस्तुहरू, चारओटै विषयका साझा विषयक्षेत्र, तीनओटा विषयका साझा विषयक्षेत्र, दुईओटा विषयका साझा विषयक्षेत्र र विषयगत विषयक्षेत्रका पावरप्वाइन्ट प्रस्तुतिका आधारमा स्पष्ट पारिदिनुहोस् । | ३० मिनेट |

| | | |
|---|---|---|
| ५. | **पाठ्यक्रम अनुकुलन**<br>• पाठ्यक्रम अनुकूलन भनेको के हो भन्नेबारे छलफल गराउनुहोस् ।<br>• सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूलाई सिकाउने शिक्षकहरूले पाठ्यक्रममा भएका कुन कुन कुराहरूलाई अनुकूलनको लागि ध्यान दिर्नुपर्छ सोबारे जानकारी गराउनुहोस् ।<br>• एकीकृत पाठ्यक्रम कार्यान्वयनका क्रममा हाल भएका अनुकुलन अभ्यासका बारेमा छलफल गराई साझा धारणा बनाउन सहयोग गर्नुहोस् । | १५ मिनेट |
| ६. | **प्रतिबिम्बन**<br>• एकीकृत पाठ्यक्रममा समेटिने विषय, तहगत र कक्षागत संरचना कस्तो रहेको छ ?<br>• कक्षा १ देखि ३ सम्ममा साप्ताहिक रूपमा नेपाली भाषाको पाठ्यघण्टा कति तय गरिएको छ ?<br>• आधारभूत शिक्षा (कक्षा १–३) अन्तर्गत चार ओटै विषयका साझा विषयक्षेत्रहरू भन्नुहोस्।<br>• आधारभूत शिक्षा (कक्षा १–३) अन्तर्गत नेपाली विषयका कुनै ३ ओटा विषयवस्तुका क्षेत्रहरू भन्नुहोस्।<br>• सिकाइ मूल्याङ्कन गर्ने कुनै ३ ओटा तरिकाहरू भन्नुहोस् ?<br>• पाठ्यक्रममा अनुकुलन भनेको के हो र यसका प्रकारहरू के के रहेछन् ? | ५ मिनेट |

# ५. पठन सिप सुधारमा सन्दर्भ तथा शैक्षणिक सामग्रीको प्रयोग

**दिनः दोस्रो** **सत्र : दोस्रो र तेस्रो** **समयः १८० मिनेट**

## परिचयः

कक्षाकोठाको सिकाइ सहजीकरण प्रक्रियामा सहजता, सान्दर्भिकता तथा वैधतालाई केन्द्रबिन्दुमा राखी कक्षागत रूपमा शिक्षकले सिकाउन र विद्यार्थीले सिक्नका लागि प्रयोग गरिने सामग्री नै शैक्षणिक सामग्री हुन् ।विद्यार्थीको पठन सिप अभिवृद्धिका लागि तयार गरिएका कथा, कविता, निबन्धलगायतका सामग्रीहरू सन्दर्भ सामग्री हुन् । शैक्षणिक तथा सन्दर्भ सामग्रीको प्रयोगसहितको सिकाइ क्रियाकलापले बालबालिकाहरूको सिकाइमा सहजता ल्याउन सहयोग गर्दछ ।सिकाइलाई दिगो बनाउन तथा मैत्रीपूर्ण सिकाइ वातावरणमा सिकाइ सहजीकरणमा गर्नका लागि शैक्षणिक तथा सन्दर्भ सामग्रीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाको सिकाइ सहजीकरणमा सामग्रीको प्रयोग महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षकले बहिरा व्यक्ति तथा बालबालिकाहरूले प्रयोग गर्ने सहायता सामग्रीहरूबारे पनि जानकारी लिनुपर्ने हुन्छ। बहिरा बालबालिकाका लागि उपयुक्त सहायता सामग्रीहरूको कारण सिकाइ तथा अन्य क्रियाकलापहरूका लागि सहज हुने भएकाले यसबारेमा छलफल र सामग्री तथा यसको प्रयोगबारे समेत छलफल गर्नुपर्ने हुन्छ ।तसर्थ यस सत्रमा बहिरा बालबालिकाहरूको आवश्यकताअनुसारका शैक्षणिक तथा सन्दर्भ सामग्रीको बारेमा छलफल गरिने छ ।

### उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्यहरू गर्न सक्षम हुने छन् :

- शैक्षणिक सामग्रीहरूको महत्त्वबारे समीक्षा गर्दै बताउन
- सन्दर्भ सामग्रीहरू पत्ता लगाउन

### विषयवस्तु

- शैक्षणिक सामग्रीहरूको परिचय र महत्त्व
- सन्दर्भ सामग्रीहरूको परिचय
- सुनाइ अपाङ्गता भएका बालबालिकाका लागि सन्दर्भ सामग्रीहरूको प्रयोग

### सामग्री

- शिक्षक निर्देशिका, विद्यार्थी कार्यपुस्तक, शैक्षणिक सामग्रीहरू, सन्दर्भ सामग्रीको सूची

### सहजीकरण क्रियाकलाप

| क्रि. न.. | क्रियाकलाप विस्तृतिकरण | समय |
|---|---|---|
| १. | • अन्तक्रियात्मक छलफलको माध्यमबाट सत्रको परिचय, उद्देश्य, औचित्यको बारेमा जानकारी गराउनुहोस् । | ५ मिनेट. |

| | | |
|---|---|---|
| २. | **शैक्षणिक सामग्रीहरूको परिचय र महत्त्व**<br>• सुनाइ अपाङ्गता भएका बालबालिकाहरूको लागि प्रयोग हुने तहगत शैक्षणिक सामग्रीहरूलाई तालिम हलको ४ कुनामा मिलाएर राख्नुहोस् ।<br>• शैक्षणिक सामग्रीहरूलाई ४ समूहमा विभाजन गर्नुहोस् र शैक्षिक सामाग्रीहरू पालैपालो अवलोकन गर्न लगाउनुहोस् ।<br>• अवलोकन गरिएको सामग्रीको नाम र प्रयोगका क्षेत्रहरू के के रहेछन् भनी छलफल गर्नुहोस् र सहजकर्ताले टिपोट गर्दै प्रष्ट पार्नुहोस् ।<br>• सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाका लागि उपयुक्त हुने शैक्षणिक सामग्रीहरूका बारेमा सहभागीहरूका जिज्ञासा वा प्रश्नहरूसमेत समेटी छलफल गर्दै थप स्पष्ट पारिदिनुहोस् । | ३० मिनेट. |
| ३. | **सन्दर्भ सामग्रीहरूको प्रयोग र छलफल**<br>• सहभागीलाई सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाको सिकाइ सुनिश्चित गर्नका लागि प्रयोग हुँदै आएका सामग्रीहरूका सूची बनाउन लगाउनुहोस् ।<br>• सहभागीले बनाएको सूचीलाई प्रस्तुत गर्न लगाउनुहोस् ।<br>• सहभागीले प्रस्तुत गरेका विषयवस्तुसमेत समेटी सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सिकाइ सहजीकरण गर्दा प्रयोग गर्न सकिने नमुना सामग्री प्रदर्शन गर्दै त्यसका बारेमा बताइदिनुहोस् । | ७० मिनेट |
| ४. | **सामग्रीहरूको सङ्कलन र प्रयोग**<br>• सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूलाई उपयुक्त हुने स्थानीय स्तरमा पाइने सन्दर्भ र शैक्षणिक सामाग्रीहरूको सङ्कलन र प्रयोग गर्न सहभागीहरूलाई ४ समूहमा विभाजन गर्नुहोस् ।<br>• सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूको शिक्षण सिकाइमा सहयोग गर्ने सामग्रीहरू सङ्कलन गर्न लगाउनुहोस् ।<br>• सङ्कलन गरिएको सामाग्रीहरूको नाम र उक्त सामाग्रीको प्रयोग सम्बन्धमा समूहलाई प्रस्तुत गर्न लगाउनुहोस् ।<br>• सङ्कलन गरिएको सामग्री सुनाइसम्बन्धी अपाङ्गता भएकामध्ये कसलाई बढी उपयुक्त हुन्छ वर्गीकरण गर्न लगाई सुनाइसम्बन्धी अपाङ्गता भएका र न्यूनदृष्टि लेखिएको मेटाकार्ड भएको स्थानमा जम्मा गर्न लगाउनुहोस् ।<br>• स्थानीय स्तरमा पाइने सम्भावित सन्दर्भ र शैक्षणिक सामग्रीहरूको तालिका, सङ्कलन र प्रयोगको महत्त्व सम्बन्धमा पिपिटीमा देखाउँदै प्रष्ट पार्नुहोस् । | ७० मिनेट |
| ५. | **प्रतिबिम्बन**<br>सत्रको समग्र सिकाइको बारेमा छोटो समीक्षात्मक छलफल गर्नुहोस्। मूल्याङ्कनको लागि तलका प्रश्नहरू सोध्नुहोस् ।<br>• सन्दर्भ सामाग्री शैक्षणिक सामाग्रीको नाम लेखिएको टुक्राहरू सबै सहभागीलाई वितरण गर्नुहोस् ।<br>• एउटा न्युजप्रिन्टमा सन्दर्भ सामग्रीहरूको काम अर्को न्युजप्रिन्टमा शैक्षणिक सामग्रीको काम लेखेर भित्तामा टाँसिदिनुहोस् ।<br>• सहभागीहरूलाई आफूलाई परेको सामग्रीको टुक्रा न्युजप्रिन्टमा लेखिएको सामाग्रीहरूको कुन कामसँग मिल्छ टाँस्न लगाउनुहोस् ।<br>• टाँसेको मिलेको नमिलेको हेरेर आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् । | ५ मिनेट |

## ६. पढाइको परिचय, महत्त्व र भाषिक तत्त्वगत क्रियाकलाप

**दिन : तेस्रो** **सत्र : पहिलो र दोस्रो** **समय : १८० मिनेट**

### परिचय

पढाइ भन्नाले सामान्यतया छापामा लेखिएका सामग्री पढेर अर्थ बोध गर्नु भन्ने बुझिन्छ। पढाइको मुख्य उद्देश्य भनेकै बोध र अभिव्यक्ति क्षमताको विकास गर्नु हो। पठन सिप विकास प्रभावकारी रूपमा भएमा यसले भाषा विषयका साथै अन्य विषय पढ्ने र बुझ्ने क्षमताको विकासमा सहयोग गर्छ। पढ्न जानेपछि सामाजिक, विज्ञान, गणितजस्ता अन्य विषयहरू बुझ्न र जान्न पनि सहज हुन्छ । तल्ला कक्षामा राम्ररी बुझेर पढ्ने क्षमताको विकास गरी पढाइप्रति रुचि जगाउन सकिएमा विद्यार्थीको पढाइको जग बलियो हुन्छ र यसले समग्र सिकाइ उपलब्धि हासिल गर्न सघाउ पुग्छ ।प्रारम्भिक तहमा शिक्षण गर्ने तथा सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सिकाइ सहजीकरण गर्ने शिक्षकहरूले पठन सिप विकास गर्नको लागि पढाइका तत्त्व, भाषिक तत्त्वगत क्षेत्रहरू तथा यसका शिक्षण क्रियाकलापहरूबारे जानकार हुनुपर्दछ।आधारभूत तह कक्षा १ देखि ३ सम्म अध्ययनरत विद्यार्थीको पठन सिप विकासका लागि भाषिक तत्त्वहरू निर्धारण गरिएका छन् । भाषिक तत्त्वअन्तर्गत ध्वनि सचेततीकरण, श्रव्यदृश्यबोध, लेख्यवर्ण सचेतीकरण, पठनप्रवाह, शब्दभण्डार, पठनबोध, कार्यमूलक व्याकरण र लेखाइ पर्दछन् । भाषिक तत्त्वले विद्यार्थीहरूमा बोध र अभिव्यक्ति दुवै पक्षको समानान्तर विकास गराउँछ । तसर्थ यस सत्रमा बहिरा विद्यार्थीलाई अनुकूल हुने गरी भाषिक तत्त्वगत क्षेत्रका बारेमा छलफल गरिने छ ।

### उद्देश्य

यस सत्रको अन्तमा सहभागीहरू देहायबमोजिमका कार्य गर्न सक्षम हुने छन् :

- पढाइ परिचय र महत्त्व बताउन
- ध्वनि सचेतीकरण, श्रव्य/दृश्यबोध, लेख्य वर्ण सचेतीकरण, पठन प्रवाह, शब्दभण्डार, पठनबोध, लेखाइ र कार्यमूलक व्याकरणका सम्भावित क्रियाकलाप प्रस्तुत गर्न

### विषयवस्तु

- पढाइ सिपको परिचय र महत्त्व
- भाषिक तत्त्वगत क्षेत्र तथा क्रियाकलापहरू

### सामग्री

एकीकृत पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक र शिक्षक निर्देशिका

**सहजीकरण क्रियाकलाप**

<table>
<tr><th>क्रि.न.</th><th>क्रियाकलाप विस्तृतीकरण</th><th>समय</th></tr>
<tr><td>१.</td><td>अन्तरक्रियात्मक छलफलको माध्यमबाट सत्रको परिचय, उद्देश्य र औचित्यको बारेमा जानकारी गराउनुहोस् ।</td><td>५ मिनेट</td></tr>
<tr><td>२.</td><td>पढाइको परिचय<ul><li>पढाइ के हो र भाषिक तत्त्वगत क्रियाकलाप भन्नाले के बुझिन्छ भन्ने बारेमा व्यक्तिगत रूपमा आफ्ना धारणा टिपोट गर्न लगाउनुहोस् ।</li><li>सहभागीले टिपोट गरेका विषयवस्तुलाई दुई जना जोडीमा छलफल गरी साझा धारणा बनाउन लगाउनुहोस् ।</li><li>सहभागीका धारणालाई प्रस्तुत गर्न लगाउनुहोस् ।</li><li>सहभागीका धारणा समेट्दै पढाइको परिचय र महत्त्वका सम्बन्धमा समान बुझाइका लागि सहजीकरण गर्नुहोस् ।</li></ul></td><td>३० मिनेट</td></tr>
<tr><td>३.</td><td>भाषिक तत्त्वगत रूपमा उपयोग गर्न सकिने शैक्षणिक सामग्री, क्रमिक सिकाइ रणनीति र सम्भावित क्रियाकलापको प्रयोग )<ul><li>विद्यालयमा भइरहेका क्रियाकलापहरूलाई ध्यानमा राखी बिङ्गो खेलमार्फत, श्रव्यदृश्यबोध, लेख्य वर्ण सचेतीकरण, पठन प्रवाह, शब्दभण्डार, पठनबोध, कार्यमूलक व्याकरण र लेखाइका क्रियाकलाप, शिक्षण विधि र सामग्रीहरूको बारेमा छलफल गराउनुहोस् ।</li><li>तलको बाकसमा १२ ओटा विषयहरू दिइएका छन् । सहभागीहरूलाई प्रत्येक बाकसमा भएका विषयवस्तुका बारेमा भन्न सक्ने एकजना साथीको नाम लेख्न लगाउनुहोस् । उत्तर दिने साथीको नाम दोहोरिनु हुँदैन ।</li></ul>
<table>
<tr><td>• भाषिक तत्त्वगत क्रियाकलापलाई सुनाइ सम्बन्धी अपाङ्गता भएका विद्यार्थीलाई अनुकूल हुने गरी गर्न सकिने सम्भावित क्रियाकलाप</td><td>श्रव्यदृश्यबोधको आवश्यकता</td><td>• लेख्य वर्ण सचेतीकरण शिक्षणमा प्रयोग गरिने सामग्री र तिनको प्रयोग</td><td>• शब्दभण्डार शिक्षणका कुनै चार कार्यकलापहरू</td></tr>
<tr><td>• पठन प्रवाह शिक्षणका कुनै ३ रणनीति वा क्रियाकलाप र कुनै एकको उदाहरण</td><td>• गीत गाउने</td><td>• पठनबोध शिक्षणमा प्रयोग हुने कुनै ३ सामग्री र त्यसको प्रयोग</td><td>• कार्यमूलक व्याकरणको अवधारणा र यसको प्रयोगको उदाहर</td></tr>
<tr><td>• चुट्किला भन्ने</td><td>• क्रमिक सिकाइ पद्धतिको उदाहरण</td><td>• लेखाइ शिक्षणको नमुना शिक्षण अभ्यास</td><td>• नाच्ने</td></tr>
</table></td><td>६० मिनेट</td></tr>
</table>

| | | |
|---|---|---|
| | • सहभागीले चार्टमा लेखिएका प्रत्येक प्रश्नको उत्तर सहभागी साथीबाट खोज्न लगाउनुहोस् । जुन सहभागीले उक्त प्रश्नको बारेमा बताउन सक्नुहुन्छ, उहासँग सोधेर उक्त सहभागीको नाम प्रश्नसँग सम्बन्धित चार्टको कोठामा लेख्न लगाउनुहोस् ।<br>• चार्टका सबै प्रश्नको उत्तर भन्न सक्ने साथीहरूको नाम लेखिसकेपछि बिङ्गो भन्न लगाउनुहोस् ।<br>• यसरी बिङ्गो भन्दा सबैभन्दा पहिला बिङ्गो भनेर बुझाउने ५ जनाको कापीमा १, २, ३, ४, ५ को क्रम लेख्नुहोस् ।<br>• पहिलो नम्बर लेखिएको बिङ्गो चार्टमा उल्लेख भएअनुसारको व्यक्तिलाई प्रश्नको उत्तर सोध्नुहोस् र छलफल गर्नुहोस् । छलफलका क्रममा प्रश्नसँग सम्बन्धित भई थप स्पष्टता, प्रदर्शन र अभ्याससमेतलाई ध्यान दिनुहोस् ।<br>• बिङ्गो बाकसमा लेखिएको व्यक्तिले सोका बारेमा बताउन नसकेमा सो बिङ्गो भन्ने सहभागीलाई आउट गरी दोस्रो क्रमको बिङ्गो लिई बाँकी प्रश्नको बारेमा छलफल गराउनुहोस् । यो क्रम सबै प्रश्नको छलफल नहुन्जेसम्म गरिरहनुहोस् ।<br>• जसले सबै प्रश्नको जवाफ दिन सक्छ, उसको बिङ्गोलाई बिजेता घोषणा गर्नुहोस् ।<br>• बिङ्गो खेलमा सहभागीले भनेका विषयलाई समेट्दै आठ ओटा भाषिक तत्त्वगत क्रियाकलाप, ती क्रियाकलापमा प्रयोग गर्न सकिने सामग्री, क्रमिक सिकाइ पद्धतिको उपयोग, तत्त्वगत भाषिक क्रियाकलाप, भाषिक तत्त्वगत क्रियाकलापलाई बहिरा विद्यार्थी अनुकूलको सिकाइ सहजीकरण प्रक्रियाको बारेमा पावरप्वाइन्ट प्रस्तुतिका आधारमा थप स्पष्टता गर्नुहोस् । | |
| ४. | **भाषिक तत्त्वगत क्रियाकलापका अनुभव तथा असल अभ्यास र कठिनाइ**<br>• सहभागीहरूलाई ८ ओटा समूहमा विभाजन गर्नुहोस् ।<br>• समूहमा सहभागीहरूलाई आआफ्नो विद्यालयको प्रारम्भिक कक्षाहरूमा सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाको पठन सिप सुधारका लागि गरिरहेका क्रियाकलापबारे मस्तिस्क मन्थन गर्न लगाउनुहोस् ।<br>• समूहमा छलफल गर्दै दिइएको नमुना कार्यअनुरूप आफ्नो विद्यालयमा भएका असल अभ्यास र भोगेका कठिनाइहरूका बारेमा समूहमा छलफल गर्दै टिपोट गर्न लगाउनुहोस् ।<br>**समूह कार्यका लागि नमुना कार्य**<br>समूह १. ध्वनि सचेतीकरण शिक्षणका असल अभ्यास तथा कठिनाइ (साङ्केतिक भाषा प्रयोगकर्ताका लागि सम्भवन नहुन सक्दछ)<br>समूह २. श्रव्यदृश्य बोध शिक्षणका असल अभ्यास तथा कठिनाइ<br>समूह ३. लेख्य वर्ण सचेतीकरण शिक्षणका असल अभ्यास तथा कठिनाइ<br>समूह ४. पठन प्रवाह शिक्षणका असल अभ्यास तथा कठिनाइ<br>समूह ५. पठन बोध शिक्षणका असल अभ्यास तथा कठिनाइ<br>समूह ६. शब्दभण्डार शिक्षणका असल अभ्यास तथा कठिनाइ<br>समूह ७. लेखाइ शिक्षणका असल अभ्यास तथा कठिनाइ<br>समूह ८. कार्यमूलक व्याकरण शिक्षणका असल अभ्यास तथा कठिनाइ<br>• समूहमा छलफल तथा टिपोट गरिएका विवरण वा क्रियाकलापहरूबारे प्रत्येक समूहबाट एकजनालाई प्रस्तुति गर्न लगाउनुहोस् ।<br>• प्रस्तुतिसँगसँगै सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाको सिकाइ सहजीकरणका क्रममा आएका कठिनाइहरूको सम्बोधनका उपायबारे अन्तरक्रियात्मक रूपमा छलफल गर्नुहोस् र थप स्पष्ट पार्नुहोस् । | ८० मिनेट |

| | | |
|---|---|---|
| | • कुनै एक विषयक्षेत्रलाई लिई नेपाली विषयको पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक र शिक्षक निर्देशिकाका ध्वनि सचेतीकरण, श्रव्य/दृश्यबोध, लेख्य वर्ण सचेतीकरण, पठन प्रवाह, शब्दभण्डार, पठनबोध, लेखाइ र कार्यमूलक व्याकरणका सम्भावित कार्यकलापको बारेमा बताइदिनुहोस् ।<br>• सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सिकाइ सहजीकरणका क्रममा भाषिक तत्त्वगत क्रियाकलापहरूलाई अनुकुलन गरी सिकाइ सहजीकरण गर्ने तरिका, विधि र कार्यकलापहरूका बारेमा बताइदिनुहोस् । | |
| ५. | **प्रतिबिम्बन**<br>**तलका नमुना प्रश्नहरू अनुरूप सत्रको प्रतिबिम्बन गर्नुहोस् :**<br>• पढाइ के हो र बालबालिकाको लागि पढाइको के महत्त्व छ ?<br>• भाषिक तत्त्वगत क्षेत्रहरू के के हुन् ?<br>• लेख्य वर्ण सचेतीकरणका कुनै तीन क्रियाकलाप भन्नुहोस् ?<br>• सुनाइ सम्बन्धी अपाङ्गता भएका विद्यार्थीलाई अनुकूलन हुने गरी गर्न सकिने कुनै पाँच कार्यकलापहरू भन्नुहोस् । | ५ मिनेट |

# ७. एकीकृत पाठ्यक्रममा आधारित शिक्षण अभ्यास र पृष्ठपोषण आदानप्रदान

**दिनः तेस्रो र चौथो** **सत्रः तेस्रो, पहिलो र दोस्रो** **समयः २७० मिनेट**

## परिचय

तालिमबाट भएको सिकाइ कक्षाकोठामा पुग्ने कुराको सुनिश्चित गर्नका लागि प्रशिक्षार्थीहरूको समूहमा नै रहेर गरिने शिक्षण सूक्ष्म शिक्षण हो । सूक्ष्म शिक्षण नियन्त्रित र सुरक्षित वातावरणमा गरिने अभ्यास हो । यस्तो कार्यको उद्देश्य अभ्यास गरी सिपमा विकास गर्नु हो । यसले शिक्षकलाई आफ्नो शिक्षणमा सुधार गर्ने मौका प्रदान गर्दछ । सूक्ष्म शिक्षण धेरै ठाउँमा उपयोग गर्न पनि सकिन्छ । यस्तो कार्यमा शिक्षण सिकाइ क्रियाकलापको समासिपछि पृष्ठपोषण दिइन्छ । एउटा पाठ शिक्षण गर्दा नेपाली विषय र अन्य विषयका साझा सिकाइ क्षेत्रका आधारमा शिक्षण गर्ने कार्यलाई यहाँ एकीकृत शिक्षण भनिएको हो । त्यसरी शिक्षण गर्न शिक्षकलाई सक्षम बनाउनका लागि यो खण्डमा एकीकृत र पठन तत्त्वहरूको आधारमा शिक्षण गर्ने अभ्यास कार्य समावेश गरिएको हो । प्रारम्भिक कक्षामा पढाइ सिप विकास गर्नका लागि मुख्य शिक्षण रणनीतिका रूपमा क्रमिक सिकाइ रणनीति (म गर्छु, हामी गर्छौं, तिमी गर) अपनाइएको छ ।

### उद्देश्य

(क) भाषिक तत्वगत क्रियाकलापहरूको नमुना पाठ प्रस्तुति र शिक्षण अभ्यास गर्न

(ख) एकआपसमा पृष्ठपोषण आदानप्रदान गर्न

### विषयवस्तु

- भाषिक तत्वगत नमुना प्रस्तुति (सहजकर्ताबाट)
- सूक्ष्म शिक्षण (सहभागीलाई)
- पृष्ठपोषण

### सामग्री

पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक, शिक्षक निर्देशिका, पाठयोजना

### सहजीकरण क्रियाकलाप

| क्रि. नं. | क्रियाकलाप विस्तृतीकरण | समय |
|---|---|---|
| १. | अन्तर्क्रियात्मक छलफल गर्दै सत्रको परिचय, उद्देश्य र औचित्यबारे जानकारी गराउनुहोस् । | ५ मिनेट |
| २. | भाषिक तत्वगत शिक्षणको नमुना प्रस्तुति (सहजकर्ताबाट)<br>• सहजकर्ताले एकीकृत पाठ्यक्रमको कुनै एक विषयक्षेत्र र भाषिक तत्त्वगत क्रियाकलापमा आधारित भई तयार भएको पाठयोजना प्रस्तुत गर्नुहोस् ।<br>• सहजकर्ताले कक्षा १ देखि ३ मध्ये कुनै एउटा कक्षाको कुनै एउटा नमुना पाठयोजनाबमोजिम ४० मिनेटको नमुना शिक्षण गर्नुहोस् ।<br>• शिक्षणपछि सहभागीबाट पृष्ठपोषण माग गर्नुहोस् र राम्रा तथा सुधारका पक्षबारे छलफल गर्नुहोस् । | ९० मिनेट |
| ३. | सूक्ष्म शिक्षण (सहभागीलाई)<br>• प्रत्येक सहभागीलाई कक्षा १ देखि ३ मध्ये कुनै एउटा कक्षाको कुनै एक विषयक्षेत्रको पाठअनुसार (३–४ तत्व समेटी) एउटा सहजीकरण योजना तयार गर्न लगाउनुहोस् । | १७० मिनेट |

| | | |
|---|---|---|
| | सहजीकरण योजानाअनुसारको सुनाइसम्बन्धी  अपाङ्गता भएका बालबालिकाका लागि उपयुक्त सामग्री समेत निर्माण वा सङ्कलन गर्न लगाउनुहोस् ।<br>● सहभागीलाई चारजनाको समूहमा विभाजन गरी हरेक समूहबाट एक जनालाई एकैपटक सूक्ष्म शिक्षण अभ्यास गर्न लगाउनुहोस् । सूक्ष्म शिक्षण गर्ने बाहेकका बाँकी सदस्यलाई पृष्ठपोषण प्रदान गर्न लगाउनुहोस् । सूक्ष्म शिक्षणका क्रममा सहजकर्ताले सबै समूहको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।<br>● हरेक सहभागीलाई सूक्ष्म शिक्षणको अभ्यासबाट प्राप्त पृष्ठपोषणका आधारमा पुनः आफ्नो सहजीकरण योजना सुधार गर्न लगाउनुहोस् ।<br>● गोलाप्रथाबाट कुनै दुई जना सहभागी छनोट गरी परिमार्जित सहजीकरण योजनाका आधारमा पूरै समूहमा शिक्षण गर्न लगाउनुहोस् । कुनै तीन सहभागीलाई पृष्ठपोषण फाराम दिई पृष्ठपोषणका बुँदाहरू टिपोट गर्न लगाउनुहोस् ।<br>● सहजकर्ताले निष्कर्षसहित सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई शिक्षण गर्दा ध्यान दिनुपर्ने पक्ष, पाठ्यक्रम अनुकुलन, सामग्रीको प्रयोग जस्ता पक्षहरू समेटी समग्र कक्षा शिक्षणको बारेमा पृष्ठपोषण प्रदान गर्नुहोस् । | |
| ४. | **प्रतिबिम्बन**<br>● सुनाइसम्बन्धी  अपाङ्गता भएका बालबालिकालाई पढाइ सिप विकासका लागि सिकाइ सहजीकरण गर्दा यो सूक्ष्म शिक्षण अभ्यासले कसरी सहयोग पुर्याउँछ ?<br>● नमुना शिक्षण गर्दा प्राप्त पृष्ठपोषणलाई सुनाइसम्बन्धी  अपाङ्गता भएका बालबालिकाको सिकाइमा कसरी उपयोग गर्नुहुन्छ ? | ५ मिनेट |

# ८. कक्षाकोठा व्यवस्थापन

**दिन : चौथो** **सत्र : तेस्रो** **समय : ९० मिनेट**

## परिचय

कक्षाकोठा व्यवस्थापनलाई समय, स्रोत, साधन, क्षेत्रफल, विद्यार्थीको व्यवहार आदिका दृष्टिले उचित व्यवस्थापन गर्ने कार्यका रूपमा परिभाषित गर्ने गरिन्छ, जसले शिक्षण सिकाइ क्रियाकलापलाई, बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री र समावेशी बनाउन मद्दत गर्छ। कक्षाकोठाभित्रको शैक्षिक, भौतिक, मानवीय स्रोत, सामग्री व्यवस्थापन, कक्षाकोठामा पुस्तकालय व्यवस्थापन र प्रयोग, संवेगात्मक व्यवस्थापन, विद्यार्थीको बसाइ व्यवस्थापन, विविधता व्यवस्थापन (भाषा, क्षमता, समावेशिता, सामाजिक र आर्थिक अवस्था) लगायतका कार्यहरू कक्षाकोठा व्यवस्थापनभित्र पर्दछन्। कार्यगत सीमितता तथा अपाङ्गता भएका बालबालिकाहरूका लागि व्यवस्थित तथा हरेक तवरले सहज र पहुँचयुक्त कक्षाकोठा हुनु अपरिहार्य हुन्छ। अतः यस सत्रमा कक्षाकोठा व्यवस्थापन तथा सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकामैत्री कक्षाकोठा व्यवस्थापन केन्द्रित छलफल गरिने छ।

### उद्देश्य

यस सत्रको अन्तमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- कक्षाकोठा व्यवस्थापनको अवधारणा, उद्देश्य र महत्त्व बताउन
- सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकामैत्री कक्षाकोठा व्यवस्थापनबारे व्याख्या गर्न

### विषयवस्तु

- कक्षाकोठा व्यवस्थापनको अवधारणा, उद्देश्य र महत्त्व
- सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकामैत्री कक्षाकोठा व्यवस्थापन

### सामग्री

- मेटाकार्ड, मार्कर, न्युजप्रिन्ट पेपर, स्रोत सामग्री, प्रोजेक्टर, स्रोत सामग्री, पाठपत्र

### सहजीकरण क्रियाकलाप

| क्रि. नं. | क्रियाकलाप विस्तृतीकरण | समय |
|---|---|---|
| १. | अन्तर्क्रियात्मक छलफल गर्दै सत्रको परिचय, उद्देश्य र औचत्यबारे जानकारी गराउनुहोस् । | ५ मिनेट |
| २. | **कक्षाकोठा व्यवस्थापनको अवधारण, उद्देश्य र महत्त्व**<br>• कक्षाकोठा कस्तो हुनुपर्छ ? कक्षाकोठामा के के व्यवस्थापन हुनुपर्ने हुन्छ ? कक्षाकोठा व्यवस्थापनअन्तर्गत तपाईंहरूले के के व्यवस्थापन गरिरहनुभएको छ ? जस्ता प्रश्नहरू गर्दै सहभागीहरूलाई जोडीमा छलफल गर्न लगाउने र छलफल सुनाउन लगाउनुहोस् ।<br>• सहभागीहरूको विचारसँगै सहजकर्ताले कक्षाकोठा व्वयस्थापन परिचय, उद्देश्य, महत्त्व तथा कक्षोठा व्यवस्थापनका क्षेत्रहरूका बारेमा तयार गरेको प्रस्तुतिअनुरूप अन्तरक्रियात्मक छलफल गर्दै समान बुझाइका लागि सहजीकरण गर्नुहोस् । | ४० मिनेट |
| ३. | **सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकामैत्री कक्षाकोठा व्यवस्थापन**<br>• सहभागीहरूलाई आआफ्नो कक्षाकोठा सम्झिन लगाउने र सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकामैत्री कक्षाकोठा व्यवस्थापनका लागि तपाईंको कक्षाकोठामा के के कुराहरू व्यवस्थापन गर्नुपर्ने छ ? बुँदागत रूपमा तयार गरी प्रस्तुत गर्नुहोस् । | ४० मिनेट |

| | | |
|---|---|---|
| | • साथै व्यक्तिगत रूपमा प्रस्तुति गर्दा आइसकेको बुँदा भए नभनेर थप वा नयाँ कुरासहितका बुँदामात्र प्रस्तुत गर्न लगाउनुहोस् ।<br>• सहभागीहरूको प्रस्तुतिसँगै अन्तरक्रियात्मक रूपमा छलफल गराउँदै आवश्यकता अनुरूप सहजकर्ताले प्रष्ट हुन मद्दत गर्नुहोस् । | |
| ४. | **प्रतिबिम्बन**<br>• केही सहभागीहरूलाई तालिमपश्चात् विद्यालयमा फर्केपछि कक्षाकोठा व्यवस्थापनअन्तर्गत के के कुराहरू व्यवस्थापन वा सुधार गर्नुहुन्छ ? भनेर प्रश्न गर्दै सत्रको समीक्षा गर्नुहोस् । | ५ मिनेट |

# ९. विद्यार्थी मूल्याङ्कन

**दिन : पाँचौं** **सत्रः पहिलो** **समय : ९० मिनेट**

## परिचय

आधारभूत तहको कक्षा १-३ मा औपचारिक प्रकृतिको आवधिक परीक्षा सञ्चालन गरी विद्यार्थीको सिकाइको मूल्याङ्कन अर्थात् निर्णयात्मक प्रयोजनको परम्परागत पद्धतिको मूल्याङ्कनले बालबालिकालाई सिकाइका लागि प्रोत्साहन गर्ने र सिकाइमा सहयोग गर्ने कार्यमा योगदान गर्न सक्दैन भन्ने कुरालाई आत्मसात् गरिएको छ । यस सन्दर्भमा विद्यार्थी मूल्याङ्कनले उनीहरूलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्गप्रशस्त गर्नुपर्दछ भन्ने दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याङ्कनका प्रक्रिया, रणनीति तथा साधनहरू प्रयोग गर्नु आवश्यक छ । कक्षाकोठामा आधारित मूल्याङ्कनका लागि विभिन्न किसिमका साधनहरू प्रयोग गरेर विद्यार्थीको सिकाइको निरन्तर लेखाजोखा गरी शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा अभ्यास गरी सिकाइ सुधारमा उपयोग गरिन्छ । कक्षाकोठामा आधारित यस्तो मूल्याङ्कनको अभिलेखलाई सञ्चित गरी आवश्यकतानुसार सिकाइको मूल्याङ्कनका रूपमा अर्थात् विद्यार्थीको सिकाइ स्तर पहिचान गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिने हुन्छ । यसरी निर्माणात्मक उद्देश्यले गरिने कक्षाकोठामा आधारित मूल्याङ्कनको अभिलेखलाई निर्णयात्मक प्रयोजनमा पनि प्रयोग गर्न सकिने भएकाले यस्तो मूल्याङ्कन पद्धतिलाई निरन्तर मूल्याङ्कन पद्धति पनि भन्ने गरिन्छ । आधारभूत तहको कक्षा १-३ मा गरिने विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य सिकाइ सुधार गर्ने निर्माणात्मक हुने भए पनि आवश्यकतानुसार यसको अभिलेख व्यवस्थित गरी समग्र सिकाइ स्तर निर्धारण गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिन्छ । आधारभूत तहको कक्षा १-३ को एकीकृत संरचनाको पाठ्यक्रमअनुसार चारओटा विषयक्षेत्र नेपाली भाषा, गणित, हाम्रो सेरोफेरो र अङ्ग्रेजी भाषामा विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गरिने विधि, प्रक्रिया तथा साधनहरू पहिचान गरिने छ । त्यसै गरी यस मार्गदर्शनमा अपेक्षित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन तथा सुधारात्मक सिकाइको अभिलेखीकरण गर्ने तरिका र अभिलेखीकरण साधनसमेत समावेश गरिएको छ । यसैका आधारमा मातृभाषा तथा स्थानीय पाठ्यक्रममा विद्यार्थीको मूल्याङ्कनका लागि आवश्यक साधन तथा प्रक्रिया विकास गरी अभिलेखीकरण गर्न सकिने हुन्छ । तसर्थ यस सत्रमा आधारभूत तह कक्षा १-३ पाठ्यक्रमकेन्द्रित विद्यार्थी मूल्याङ्कन तथा नेपाली विषयका क्रियाकलाप केन्द्रित मूल्याङ्कनमा रहेर छलफल गरिने छ ।

**उद्देश्य** : यस सत्रको अन्तमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- एकीकृत पाठ्यक्रममा विद्यार्थी मूल्याङ्कन प्रक्रियाबारे बताउन
- विद्यार्थी मूल्याङ्कन प्रक्रिया तथा अभिलेख फारामबारे बताउन
- नेपाली विषय केन्द्रित मूल्याङ्कन तथा अभिलेखीकरणबारे बताउन
- पढाइ अवस्था अभिलेख फारामबारे बताउन

### विषयवस्तु

- एकीकृत पाठ्यक्रममा विद्यार्थी मूल्याङ्कन प्रक्रिया
- विद्यार्थी मूल्याङ्कन प्रक्रिया तथा अभिलेख फाराम
- नेपाली विषय केन्द्रित मूल्याङ्कन तथा अभिलेखीकरण
- पढाइ अवस्था अभिलेख फाराम

### सामग्री

- मेटाकार्ड, मार्कर, न्युजप्रिन्ट पेपर, स्रोत सामग्री, प्रोजेक्टर, स्रोत सामग्री, पाठपत्र, पाठ्यपुस्तक, पाठ्यक्रम, मूल्याङ्कन फाराम तथा पढाइ अवस्था अभिलेख फाराम

**सहजीकरण क्रियाकलाप**

| क्रि. नं. | क्रियाकलाप विस्तृतीकरण | समय |
|---|---|---|
| १. | अन्तरक्रियात्मक छलफलको माध्यमबाट सत्रको परिचय, विषयवस्तु, उद्देश्यबारे जानकारी गराउनुहोस् । | १० मिनेट |
| २. | **एकीकृत पाठ्यक्रममा विद्यार्थी मूलयाङ्कन प्रक्रिया तथा अभिलेखीकरण फारामको प्रयोग**<br>• सहभागीहरूलाई ३ समूहमा विभाजित हुन लगाउनुहोस् ।<br>• दुबै समूहलाई मूल्याङ्कन भनेको के हो ? मूल्याङ्कनका विधि वा तरिका तथा साधनहरू र मूल्याङ्कनको अभिलेखीकरणबारेको बुझाइ तथा अभ्यासबारेको अनुभवबारे छलफल गर्न लगाउनुहोस्। साथै छलफल गरेका कुराहरू बुँदागत रूपमा प्रस्तुत गर्न लगाउनुहोस्।<br>• प्रस्तुतिपश्चात् हरेक समूहलाइ एकीकृत पाठ्यक्रम अनुरूप विद्यार्थी मूल्याङ्कन तथा मूल्याङ्कनको अभिलेखीकरणको पाठपत्र वितरण गर्ने तथा अध्ययन गर्न लगाउने र तल उल्लिखित अनुरूप समूह कार्य गर्न लगाई प्रस्तुति गर्न लगाउनुहोस् ।<br>समूह कार्य<br>समूह १ - एकीकृत पाठ्यक्रमअनुरूप मूल्याङ्कन तथा मूल्याङ्कन प्रक्रिया, विधि, तरिका तथा साधनहरू<br>समूह २ – सुनाइसम्बन्धी अपाङ्गता भएका विद्यार्थीहरूको मूल्याङ्कनका तरिका, साधन तथा ध्यान दिनुपर्ने पक्षहरू<br>समूह ३ - एकीकृत पाठ्यक्रम अनुरूप मूल्याङ्कन तथा अभिलेखीकरण फारामहरू<br>• समूहको छलफल तथा प्रस्तुतिसँगै अन्तरक्रियात्मक रूपमा छलफल सञ्चालन गर्दै आवश्यकता अनुरूप प्रष्ट हुनका लागि सहजीकरण गर्नुहोस् । | ३० मिनेट |
| ३. | **नेपाली विषयकेन्द्रित मूल्याङ्कन तथा अभिलेखीकरण**<br>• सहभागीहरूलाइ माथिकै ३ समूहमा बस्न लगाउनुहोस् । साथै हाल नेपाली विषयको सिकाइ उपलब्धि केन्द्रित मूल्याङ्कनको अभ्यासबारे छलफल गर्दै बुँदागत रूपमा टिपेर प्रस्तुत गर्न लगाउनुहोस् ।<br>• सहभागीहरूको अभ्यास तथा बुझाइबारेको छलफलसँगै तल समूह १ कक्षा १ नेपाली विषयकेन्द्रित सिकाइ उपलब्धि तथा मूल्याङ्कन अभिलेखीकरण, समूह २ लाई कक्षा २ को नेपाली विषयकेन्द्रित सिकाइ उपलब्धि तथा मूल्याङ्कन अभिलेखीकरण र समूह ३ लाई कक्षा ३ को नेपाली विषयकेन्द्रित सिकाइ उपलब्धि तथा मूल्याङ्कन अभिलेखीकरणबारे अध्ययन गरी उक्त सिकाइ उपलब्धि तथा मूल्याङ्कनबारे प्रस्तुत गर्न लगाउनुहोस् ।<br>• साथै आवश्यकताअनुरूप सहजकर्ताले नेपाली विषयको सिकाइ उपलब्धिकेन्द्रित मूल्याङ्कन तथा अभिलेखीकरणबारे प्रष्टताका लागि सहजीकरण गर्नुहोस् । | २० मिनेट |

| | | |
|---|---|---|
| ४. | **पढाइ अवस्था अभिलेख फाराम**<br>• सहभागीहरूलाई माथिकै ३ समूह अनुरूप बस्न लगाई पढाइ अवस्था अभिलेख फाराम वितरण गर्नुहोस् । उक्त पढाइ अवस्था अभिलेख फारामबारे अध्ययन तथा छलफल गर्न लगाउनुहोस् ।<br>• छलफलपश्चात् सहजकर्ताले पढाइ अवस्था अभिलेख फाराम देखाउँदै उक्त पढाइ अवस्था अभिलेख फारामका अवयव (विषयवस्तु) केन्द्रित प्रष्टताका लागि सहजीकरण गर्नुहोस् ।<br>• पढाइ अवस्था अभिलेख फाराम हरेक चरणका क्रियाकलापपश्चात् अवस्था पहिचान गर्दै र सोही अनुरूप अभिलेखीकरण र नियमित रूपमा आवश्यकता अनुरूप सहयोग गर्दै जाने भन्न बारे प्रष्ट हुन मद्दत गर्नुहोस् । | २० मिनेट |
| ५. | **प्रतिबिम्बन**<br>• सबै सहभागीहरूलाई यस सत्रमा सिकेका मुख्य सिकाइकेन्द्रित बुँदागत रूपमा मेटाकार्डमा लेखेर एक स्थानमा टाँस गर्न लगाउनुहोस् र उक्त बुँदाहरू नदोहोरिने गरी कुनै एक जना सहभागीलाई पढेर सुनाउन लगाउँदै सत्रको समीक्षा गर्नुहोस् । | १० मिनेट |

# १०. वैयक्तिक शैक्षणिक योजना

**दिन : पाँचौ** **सत्र : दोस्रो र तेस्रो** **समय : १८० मिनेट**

## परिचय

बालबालिकाहरूको शारीरिक, मानसिक, बौद्धिक तथा वैयक्तिक शैक्षणिक योजना संवेगात्मक अवस्थाको आधारमा सिकाइ सक्षमता र आवश्यकता फरक फरक हुन सक्छन्। तसर्थ कार्यगत सीमितता वा अपाङ्गताका कारणले सिकाइमा समस्या भएका बालबालिकाहरूको व्यक्तिगत शैक्षिक आवश्यकता सम्बोधन गर्न तयार गरिने योजना नै वैयक्तिक शैक्षणिक योजना हो। बालबालिकाको सक्षमता, कठिनाइ, रुचि तथा सिकाइ अवस्थाको आधारमा पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धिहरू हासिल गर्न वैयक्तिक शैक्षणिक योजना आवश्यक पर्दछ। अभिभावक र शिक्षकको सहभागितामा बालबालिकाको आवश्यकता अनुरूपका शैक्षणिक क्रियाकलापहरूको त्रैमासिक योजना तयार गरिन्छ। साथै सिकाइ उपलब्धिको त्रैमासिक समीक्षा गर्दै सो योजनालाई अद्यावधिक गरिन्छ। वैयक्तिक शैक्षणिक योजना तयार गर्दा अभिभावकको सहभागिता सुनिश्चित पनि महत्त्वपूर्ण हुन्छ । पाठ्यक्रमले कक्षागत रूपमा हासिल गनुपर्ने सिकाइ उपलब्धिहरू निर्दिष्ट गरेको हुन्छ। ती सिकाइ उपलब्धिहरू हासिल गर्न पाठ्यपुस्तकलगायतका विभिन्न शैक्षिक सामग्रीहरूको प्रयोग गरी बालमैत्री शिक्षण विधिको प्रयोगद्वारा पठनपाठन गराउनुपर्ने हुन्छ। वैयक्तिक भिन्नताका कारण एउटै विषयमा पनि बालबालिकाको सिकाइ फरक हुन सक्छ। अपाङ्गता नभएका बालबालिकाहरूभन्दा अपाङ्गता भएका बालबालिकाहरूलाई सिक्नमा समस्या हुन सक्छ। त्यसकारण तहगत रूपमा निर्धारण गरिएको सिकाइ सक्षमताअनुसार बालबालिकाहरूलाई सहयोग गर्न वैयक्तिक शैक्षणिक योजनामा आवश्यक पर्दछ। तसर्थ यस सत्रमा वैयक्तिक शैक्षणिक योजना परिचय, महत्त्व, अवयवहरू, निर्माण प्रक्रिया तथा अभ्यास र अभिभावकको सहभागिताका विषयमा छलफल गरिने छ ।

**उद्देश्य :** यस सत्रको अन्तमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

- वैयक्तिक शैक्षणिक योजनाको परिचय र महत्त्वबारे बताउन
- वैयक्तिक शैक्षणिक योजनाका अवयवहरूबारे व्याख्या गर्न
- वैयक्तिक शैक्षणिक योजना निर्माण प्रक्रियाबारे बताउन
- वैयक्तिक शैक्षणिक योजना बनाई प्रदर्शन गर्न
- वैयक्तिक शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनमा अभिभावकहरूको संलग्नताबारे बताउन

**विषयवस्तु**

- वैयक्तिक शैक्षणिक योजनाको परिचय र महत्त्व
- वैयक्तिक शैक्षणिक योजनाका अवयवहरू
- वैयक्तिक शैक्षणिक योजना निर्माण प्रक्रिया
- वैयक्तिक शैक्षणिक योजना निर्माण अभ्यास
- वैयक्तिक शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनमा अभिभावकहरूको संलग्नता

**सामग्री**

- स्रोत सामग्री, पाठपत्र, वैयक्तिक शैक्षणिक योजना पुस्तिका, नमुना घटनाहरू, निर्देशनात्मक भिडियो

**सहजीकरण क्रियाकलाप**

| क्रि. नं. | क्रियाकलाप विस्तृतीकरण | समय |
|---|---|---|
| १. | अन्तर्क्रियात्मक छलफल गर्दै सत्रको परिचय, उद्देश्य र औचित्यबारे जानकारी गराउनुहोस् । | ५ मिनेट |
| २. | **वैयक्तिक शैक्षणिक योजनाको परिचय र महत्त्व**<br>• सहभागीहरूलाई सिकाइमा कठिनाइ भोगिरहेका बालबालिकाहरूलाई कसरी सहयोग गरिरहनुभएको छ ? अनुभव सुनाउन लगाउनुहोस् ।<br>• सहभागीहरूको अनुभवसँगै सहभागीहरूलाई वैयक्तिक शैक्षणिक योजनाबारेको परिचय तथा महत्त्वबारे पठन सामग्री वितरण गरेर अध्ययन गर्न लगाउनुहोस् ।<br>• अध्ययनपश्चात् वैयक्तिक शैक्षणिक योजनाको भनेको के हो र यसको महत्त्व के रहेछ भनेर केही सहभागीहरूलाई प्रस्तुत गर्न लगाउनुहोस् ।<br>• साथै सहभागीहरूको प्रस्तुतिसँगै सहजकर्ताले वैयक्तिक शैक्षणिक योजनाको परिचय र महत्त्वबारे आवश्यकताअनुरूप अन्तरक्रियात्मक छलफल गराउँदै सहजीकरण गर्नुहोस् । | ३० मिनेट |
| ३. | **वैयक्तिक शैक्षणिक योजनाका अवयवहरू**<br>• सहभागीहरूलाई ४ समूहमा विभाजित हुन लगाउनुहोस् । प्रत्येक समूहलाई वैयक्तिक शैक्षणिक योजना पुस्तिका वितरण गरी उक्त योजनामा समावेश गरिएका अवयव (विषयवस्तुहरू) अध्ययन गर्न लगाउनुहोस् ।<br>• वैयक्तिक शैक्षणिक योजनाका अवयव तथा विषयवस्तुहरू के के रहेछन् ? समूहलाई नदोहोरिने गरी प्रस्तुति गर्न लगाउनुहोस् । साथै सहभागीहरूको प्रस्तुतिसँगै वैयक्तिक शैक्षणिक योजना पुस्तिका देखाउँदै अन्तरक्रियात्मक रूपमा छलफल गर्दै प्रष्टताका लागि सहजीकरण गर्नुहोस् । | ५० मिनेट |

| | | |
|---|---|---|
| ४. | **वैयक्तिक शैक्षणिक योजना निर्माण प्रक्रिया तथा अभ्यास**<br>• सहजकर्ताले तयार गरेको वैयक्तिक शैक्षणिक योजना निर्माण प्रक्रियाबारे प्रस्तुति गर्दै सहभागीहरूलाई जानकारी गराउनुहोस् ।<br>• वैयक्तिक शैक्षणिक योजना निर्माण प्रक्रियाको छलफलपश्चात् सहभागीहरूबाट ३ जना सहभागीहरू छान्ने र उक्त ३ जनामध्येबाट १ जनालाई प्र.अ., १ जनालाई कक्षा शिक्षक र १ जनालाई अभिभावकको भूमिका केन्द्रित घटना दिने र उक्त घटना अनुरूप भूमिका प्रदर्शन गर्दै उक्त घटनामा उल्लिखित विद्यार्थीको वैयक्तिक शैक्षणिक योजना बनाउन लगाउनुहोस् । वा वैयक्तिक शैक्षणिक योजना निर्माण केन्द्रित निर्देशनात्मक भिडियो प्रदर्शन गर्नुहोस् ।<br>• योजना बनाउँदै गर्दा अन्य सहभागीहरूलाई अवलोकन गर्न लगाउनुहोस् ।<br>• निर्माण अभ्यासपश्चात् योजना बनाउँदाको अनुभव तथा राम्रा पक्ष र सुधार गर्नुपर्ने पक्षहरूबारे छलफल गर्नुहोस् ।<br>• साथै प्रत्येक सहभागीहरूलाई १।१ ओटा वैयक्तिक शैक्षणिक योजना पुस्तिका वितरण गर्ने र आफ्नो कक्षामा रहेको अपाङ्गता तथा सिकाइमा कठिनाइ भोगिरहेका विद्यार्थी केन्द्रित वा नमुना घटना केन्द्रित वैयक्तिक शैक्षणिक योजना बनाउन लगाउने र केही सहभागीहरूलाई प्रस्तुत गर्न लगाउनुहोस् ।<br>• सहभागीहरूको प्रस्तुतिसँगै आवश्यकता अनुरूप सहजकर्ताले अन्तकरक्रियात्मक छलफल गराउँदै प्रष्ट हुनका लागि सहजीकरण गर्नुहोस् ।<br><br>**वैयक्तिक शैक्षणिक योजना निर्माण अभ्यासका लागि नमुना घटना**<br>**नमुना घटना १**<br>वर्ष ८ की समीरा चौधरी थारु मातृभाषा बोल्ने राप्ती सोनारी गापा ४ निवासी आशाराम चौधरीकी छोरी हुन्। उनी श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा कक्षा २ मा पढ्छिन्। उनी बौद्धिक रूपमा कठिनाइ भएकी बालिका हुन् र उनीसँग "ख" वर्गको निलो अपाङ्गता परिचयपत्र पनि छ। समीरालाई सुन्न, देख्न, बोल्न, हिँड्डुल गर्न त्यति धेरै समस्या छैन। उनलाई सम्झिन, लेख्न र ध्यान केन्द्रित गर्न समस्या छ। उनलाई गीत गाउन र नाच्न मन पर्छ। कक्षा २ को अन्ततिर आइसक्दा पनि उनले मात्रा लागेका अक्षर तथा शब्दहरु पढ्न सक्दिनन्। उनलाई छोटो सरल वाक्य पढ्न कठिन छ। चित्रको वर्णन गर्न पनि सक्दिनन्। उनलाई अक्षर लेख्न निकै कठिन हुन्छ। १ देखि ९ सम्मको अङ्क पनि चिन्न कठिन छ। समीरालाई लुगा वा जुत्ता लगाउन अरूको सहयोग आवश्यक पर्छ।<br><br>**नमुना घटना २**<br>नुसरत अली खान अवधी मातृभाषा बोल्ने बैजनाथ गापा ३ बस्ने मन्सुर अली खानका ८ वर्षीय छोरा हुन्। उनी आदर्श आधारभूत विद्यालयमा कक्षा २ मा पढ्छन्। उनमा सुनाइ सम्बन्धी कठिनाइ छ र "घ" वर्गको सेतो रङमा अपाङ्गता परिचयपत्र पनि प्राप्त गरेका छन्। उनी श्रवणयन्त्रको प्रयोग गर्छन्। तर पनि कक्षामा पछाडि बस्दा सुन्नमा कठिनाइ हुन्छ। उनको अभिभावकलाई आफ्नो बच्चालाई अझै पनि सुन्नमा समस्या छ भन्ने बारे जानकारी छैन। उनलाई हेर्न, बोल्न, हिँड्डुल गर्न कुनै कठिनाइ छैन। कक्षामा शिक्षकले बोलेको कुराहरू स्पष्ट सुन्न नसकेको कारणले उनको पढाइ र सिकाइमा असर परिरहेको छ। उनले सरल तथा जटिल शब्दहरू पढ्न र लेख्न सक्दैनन्। एकल अङ्कहरू (१-९) चिन्न सक्छन् तर सामान्य जोड र घटाउ गर्न सक्दैनन्। | ६० मिनेट |

| | | |
|---|---|---|
| | **नमुना घटना ३**<br>हिमाल गा.पा. ३ बस्ने बाबुकाजी तामाङका १० वर्षीय छोरा रविन तामाङ सरस्वती आधारभूत विद्यालयमा कक्षा ३ मा अध्ययन गर्दछन्। उनको घरमा सबैजना तामाङ भाषा बोल्दछन्। उनलाई देख्नमा कठिनाइ छ र उनले "ग" वर्गको पहेंलो रङको अपाङ्गता परिचयपत्र प्राप्त गरेका छन्। रविन चश्मा लगाउँदछन तर पनि बोर्डमा लेखेका कुरा ठम्याउन उनलाई गाह्रो हुन्छ। रविनलाई जटिल किसिमका शब्द तथा अनुच्छेद पढ्न र लेख्नमा पनि समस्या छ। पढेका कुरा पनि सम्झिन र त्यससँग सम्बन्धित प्रश्नको उत्तर दिन पनि कठिन हुन्छ। उनलाई सामान्य जोड घटाउ गर्न पनि कठिनाइ छ। उनलाई बोल्न, सञ्चार गर्न, हिँडडुल गर्न, सुन्न केही पनि कठिनाई छैन। उनलाई फुटबल खेल्न र चित्र बनाउन साह्रै मनपर्छ। कक्षामा रमाइला चुटकिलाहरू भन्न पनि रुचाउँछन्। रविन आफ्नो व्यक्तिगत कार्यहरू जस्तो कपडा लगाउने, जुत्ता लगाउने, बुरुस गर्ने जस्ता काम आफैं गर्दछन्। उनको बुवाआमालाई पनि उनको पढाइबारे खासै चासो छैन। | |
| ५. | **वैयक्तिक शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनमा अभिभावकहरूको संलग्नता**<br>• वैयक्तिक शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनमा अभिभावकहरूको संलग्नता किन, केका लागि र के केमा अभिभावकको जिम्मेवारी ? भन्ने प्रश्नमा हरेक सहभागीहरूलाई मेटाकार्डमा त्यसको उत्तर बुँदागत रूपमा लेख्न लगाउने र सहभागीहरूले लेखेको बुँदाहरू प्रस्तुत गर्न लगाउने गर्नहोस् ।<br>• साथै सहभागीहरूले प्रस्तुत गरेका बुँदाकेन्द्रित अन्तरक्रिया गर्दै प्रष्ट बुझाइका लागि सहजीकरण गर्नुहोस् । | ३० मिनेट |
| ६. | **प्रतिबिम्बन**<br>• यस सत्र केन्द्रित केही सहभागीहरूलाई प्रश्नहरू बनाउन लगाउने र अर्का केही सहभागीहरूसँग प्रश्नोत्तर गर्दै सत्रको समीक्षा गर्नुहोस् । | ५ मिनेट |